# नेपाली क्रियेतर वाक्यको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक

शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको

स्नातकोत्तर तहको दसौं पत्र (५१०-१)

को प्रयोजनका निमित्त

प्रस्तुत

**शोधपत्र**

**शोधार्थी**

अर्जुन कुमार ढकाल

त्रि.वि. दर्ता नं. ९२५३-८९

परीक्षा रोल नं. ९५७००२६

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस

**पोखरा**

**२०७०**

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी अर्जुन कुमार ढकालले **नेपाली क्रियेतर वाक्यको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा रही तयार गर्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७० जेठ १

.............................

(डा. यमनाथ तिमिल्सिना)

शोध निर्देशक

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**नेपाली विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी अर्जुन कुमार ढकालले दसौं पत्र (५१०-१) को प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नु भएको **'नेपाली क्रियेतर वाक्यको अध्ययन'** शीर्षकको शोध पत्र स्वीकृत गरिएको छ ।

**शोध पत्र मूल्याङ्कन समिति**

| क्र. सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | प्रा. डा. रविलाल अधिकारी | ........................ |
| २. | विशेषज्ञ | प्रा. डा. शर्वराज आचार्य | ........................ |
| ३. | शोध निर्देशक | सह प्रा. डा. यमनाथ तिमिल्सिना | ........................ |

मिति : २०७०/०२/२०

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौं पत्र (५१०-१) को प्रयोजनका लागि **नेपाली क्रियेतर वाक्यको अध्ययन** शीर्षकमा यो शोध पत्र तयार पारिएको हो ।

मैले प्रस्तुत शोध पत्रको तयारीका क्रममा विभिन्न विद्वान्हरूबाट आवश्यक सहयोग पाएको छु । पृथ्वीनारायण क्याम्पस नेपाली विभागका उपप्राध्यापक डा. यमनाथ तिमिल्सिनाज्यूको निर्देशनमा मैले यो शोध पत्र तयार पारेको हुँदा शोधपत्रको रूपरेखा निर्माणदेखि सामग्री सङ्कलन, विश्लेषणका क्रममा आवश्यक निर्देशन, सल्लाह, सुझाव एवं प्रेरणा प्रदान गर्नुहुने शोध निर्देशक उपप्राध्यापक डा. यमनाथ तिमिल्सिनाज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । समयमा नै शोधप्रस्ताव स्वीकृत गरी कार्य थालनी गर्न सहयोग पुऱ्याउनु हुने नेपाली विभागका विभागीय प्रमुख प्राध्यापक डा. रविलाल अधिकारीज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

शोधकार्यका क्रममा संस्कृत भाषाका बारेमा नेपाल संस्कृत विश्वविद्यालय दाङका पूर्व रिडर चतुर्भुज शर्मा पौडेल, अङ्ग्रेजी भाषामा मित्र कमल लामिछाने र अमृत घर्ती तथा हिन्दी भाषामा सहयोग पुऱ्याउने इन्द्र बहादुर बोहोराप्रति पनि विशेष आभार प्रकट गर्दछु साथै मेरी सङ्गिनी निकिता ढकाललाई पनि मेरा कार्यमा सहयोग पुऱ्याएकामा आभारी छु । यस शोध पत्रको पादटिप्पणी र सन्दर्भ ग्रन्थ सूचीमा वर्णित कृतिका विद्वान्, लेखक, सम्पादक र प्रकाशकहरूलाई पनि म धन्यवाद ज्ञापन गर्न चाहन्छु । शोध पत्र तयारीकै सिलसिलामा प्रत्यक्ष परोक्षरूपमा आवश्यक सहयोग र प्रेरणा दिनुहुने सबै सबैप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै शोध पत्र शुद्धसँग टङ्कण गरिदिने आविष्कार बुक्स एण्ड फोटोकपी बगरका भाइ अनिल पौडेललाई समेत म धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत शोध पत्र समुचित मूल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु । धन्यवाद !

**अर्जुन कुमार ढकाल**

नेपाली विभाग,

पृथ्वीनारायण क्याम्पस,

पोखरा

# विषय सूची

| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | |
| स्वीकृति पत्र | |
| कृतज्ञता ज्ञापन | |
| **परिच्छेद एक : परिचय** | (१-७) |
| १.१ विषय प्रवेश | १ |
| १.२ शोधशीर्षक | २ |
| १.३ शोध प्रयोजन | २ |
| १.४ समस्याकथन | ३ |
| १.५ शोधकार्यका उद्देश्यहरू | ३ |
| १.६ पूर्वकार्यको समीक्षा | ४ |
| १.७ शोधकार्यको औचित्य | ६ |
| १.८ शोधकार्यको सीमाङ्कन | ६ |
| १.९ शोधविधि | ६ |
| १.१० रूपरेखा | ७ |
| **परिच्छेद दुई : वाक्यको ऐतिहासिक विकासक्रम र परिभाषा** | (८-१८) |
| २.१ वाक्यको व्युत्पत्ति, अर्थ र परिभाषा | ८ |
| २.२ वाक्यको पृष्ठभूमि तथा पहिचान | ९ |
| २.२.१ प्राग सम्प्रदाय | ११ |
| २.२.२ अमेरिकाली संरचनावाद | ११ |
| २.२.३ रूपार्थपरक व्याकरण (टेगमिम विज्ञान) | १२ |
| २.२.४ व्यवस्थापरक व्याकरण | १२ |
| २.२.५ रूपान्तरण व्याकरण | १२ |
| २.३ क्रियेतर शब्दको व्युत्पत्ति र अर्थ | १३ |
| २.४ क्रियतेर वाक्यको अर्थ | १४ |

२.५ क्रियेतर/अपूर्ण वाक्यको पृष्ठटभूमि, पहिचान तथा परिभाषा १४
२.६
नेपाली वाक्यहरूको अध्ययन १७

**परिच्छेद तीन : क्रियेतर वाक्यका स्वरूप, विशेषता र महत्त्व** (१९-२९)
३.१ क्रियेतर वाक्यको संरचनात्मक स्वरूप १९
३.१.१ समापिका क्रियापदको अभाव १९
३.१.२ एकाक्षरदेखि बहुशब्दसम्मको संरचना २०
३.१.३ संरचक घटकमा विविधता २०
३.१.४ पदविचलन २०
३.२ क्रियेतर वाक्यका विशेषता २१
३.२.१ आख्यातविहीनता २२
३.२.२ सूक्तिमय २२
३.२.३ रागात्मकता/आलङ्कारिकता २३
३.२.४ सङ्क्षिप्तता २३
३.२.५ लयात्मकता २४
३.२.६ भाषिक सौन्दर्य २४
३.२.७ प्रभावकारिता २५
३.२.८ काव्यात्मकता २५
३.२.९ प्रतीकात्मकता/बिम्बात्मकता २६
३.३ क्रियेतर वाक्यको महत्त्व २६
३.३.१ सटिकता २७
३.३.२ नवीन शैली निर्माण २८
३.३.३ प्रतीक/बिम्ब उपस्थापन २८
३.३.४ प्रभावकारी सूचना २८
३.३.५ अभिव्यक्तिगत सौन्दर्य २९
३.३.६ मानसिक संवेग २९

**परिच्छेद चार : क्रियेतर वाक्यको अध्ययन** **(३०-५०)**

४.१ क्रियेतर वाक्यको सङ्क्षिप्त अध्ययन ३०

४.१.१ लेख्यपरक संस्कृत भाषा ३१

४.१.२ कथ्यपरक संस्कृत भाषा ३१

४.१.३ लेख्यपरक अङ्ग्रेजी भाषा ३२

४.१.४ कथ्यपरक अङ्ग्रेजी भाषा ३३

४.१.५ लेख्यपरक हिन्दी भाषा ३४

४.१.६ कथ्यपरक हिन्दी भाषा ३५

४.१.७ नेपाली भाषा ३५

४.१.७.१ साहित्यिक विधा ३६

४.१.७.२ उखान-टुक्का ४०

४.१.७.३ विज्ञापनीय भाषा ४२

४.१.७.४ समाचारीय शीर्षक ४२

४.१.७.५ सम्बोधन/अभिवादन ४३

४.२ क्रियेतर वाक्यको कथ्यपरक अध्ययन ४४

४.२.१ कथानात्मक ढाँचाका क्रियेतर वाक्यका केही नमुनाहरू ४५

४.२.२ प्रश्नात्मक-उत्तरात्मक ढाँचाका केही नमुना ४६

४.२.३ विस्मय ढाँचाका केही नमुना ४६

४.२.४ निपात र सम्बोधन ढाँचाका केही नमुना ४७

४.२.५ उखान-टुक्का ढाँचाका केही नमुना ४७

**परिच्छेद पाँच : क्रियेतर वाक्यको वर्गीकरण** **(५१-६१)**

५.१ क्रियेतर वाक्यको वर्गीकरण ५१

५.१.१ संरचक घटकका आधारमा क्रियेतर वाक्यको वर्गीकरण ५२

५.१.१.१ नामिकपदमूलक ५२

५.१.१.१.१ नामपदमूलक (नाम+नाम) ५२

५.१.१.१.२ सर्वनाममूलक ५३

५.१.१.१.३ विशेषणमूलक ५३

५.१.१.२ अव्ययमूलक ५४
५.१.१.२.१ क्रियायोगीमूलक ५४
५.१.१.२.२ नामयोगीमूलक ५४
५.१.१.२.३ संयोजकमूलक ५४
५.१.१.२.४ विस्मयमूलक ५५
५.१.१.२.५ निपातमूलक/सम्बोधनमूलक ५५
५.१.१.३ पहिचानमूलक क्रियेतर वाक्य ५६
५.१.१.३.१ समाचारीय शीर्षक ५६
५.१.१.३ .२ विज्ञापनीय भाषा ५७
५.१.१.३.३ उखान-टुक्कामूलक ५७
५.२ संरचनावादी मान्यताका आधारमा क्रियेतर वाक्यको वर्गीकरण ५८
५.२.१ कथानात्मक ५८
५.२.२ प्रश्नार्थक ५९
५.२.३ विध्यर्थक ५९
५.२.४ विस्मयार्थक ६०
५.३ परम्परागत व्याकरणका आधारमा क्रियेतर वाक्यको वर्गीकरण ६०
५.३.१ सरल क्रियेतर वाक्य ६१
५.३.२ संयुक्त क्रियेतर वाक्य ६१
५.३.३ मिश्र क्रियेतर वाक्य ६१

**परिच्छेद छ : उपसंहार (६२-६५)**
६.१ निष्कर्ष ६२
६.२ सुझावहरू ६४
**सन्दर्भ ग्रन्थ सूची ६५**

# परिच्छेद एक : परिचय

## १.१ विषय प्रवेश

समापिका क्रियापद अर्थात् आख्यात वाक्यको प्रमुख संरचक घटक हो । अभिव्यक्तिगत पूर्णताका निम्ति वाक्यमा आख्यातको उपस्थित अनिवार्य नै मानिन्छ । आख्यातकै आधारमा वाक्यले व्याकरणात्मक कार्य पनि सम्पन्न गर्दछ । वाक्यमा प्रयुक्त व्याकरणात्मक कोटिको निर्धारण/छनोट आख्यातले नै गर्दछ । वाक्यमा कार्य, अवस्था वा प्रक्रियाका बारेमा आख्यातले नै जानकारी गराउँदछ । लिङ्ग, वचन, पुरुष, आदरका भेद छुट्याउन पनि आख्यातले वाक्यमा महत्त्वपूर्ण कार्य गरेको हुन्छ । काल, पक्ष, भाव, ध्रुवीयताजस्ता व्याकरणात्मक कोटिमा त झनै आख्यातको भूमिका साध्य नै ठहरिन्छ । पाणिनि र फिलमोर जस्ता भाषाविज्ञानीको कारकीय अध्ययन पनि आख्यातकै सेरोफेरोमा घुमेको छ । यति हुँदाहुँदै पनि आख्यातहीन वाक्य प्रायः संसारका सबै भाषाका लिखित-मौखिक दुवै रूपमा व्यापक प्रयोगमा छन् । संस्कृत, रूसी, बङ्गाली, हिब्रु, अरबी भाषा त झनै यस्ता वाक्यको प्रयोग अधिक भेटिन्छ । क्रियेतर वाक्यको थोरबहुत अध्ययन भाषावैज्ञानिकहरूले गरे पनि पूर्णात्मक वाक्यको झैँ अध्ययन नभएको हो कि भन्ने छनक पाइन्छ । क्रियेतररूपी वाक्यको प्रयोग क्षेत्र व्यापक भएर पनि यस्ता वाक्यहरू नाउँ न गाउँको मान्छेजस्तो पहिचानविहीन भएको आभास पनि पाइन्छ ।

मानिसले भाषाको प्रयोग गर्न थालेदेखि नै क्रियेतर वाक्य कथ्य भाषाका रूपमा व्यवहृत थियो भन्नुमा अतिशयोक्ति नहोला । वैदिक सूत्रहरूमा क्रियेतर वाक्यका स्वरूप प्रशस्त पाउन सकिन्छ । पाणिनि व्याकरणका व्याख्याता पतञ्जलि (ई.पू. तेस्रोदेखि पहिलो शताब्दी) ले नामिक पदमात्र पनि वाक्य हुन सक्छ भनेका छन् । नामिक पदलाई वाक्यको मान्यता दिने पतञ्जलिको भाषिक चिन्तनमा क्रियेतर वाक्यको पहिलो पहिचान पाउन सकिन्छ । पदप्रकार्यलाई सत्ता ठान्ने अभिहितान्वयवादले क्रियेतर वाक्यका बारेमा सोझै चर्चा नगरे पनि क्रियेतर वाक्यको अभिलक्षणलाई सङ्केत गरेको छ । पूर्ण वाक्यका बारेमा भने पूर्व पश्चिम दुवैतिर अध्ययनको लामो इतिहास पाइन्छ । क्रियेतर/अपूर्ण वाक्यका बारेमा भने पश्चिममा अमेरिकाली संरचनावादका भाषाविज्ञानी ब्लुमफिल्डले वाक्यलाई स्पष्ट रूपमा दुई वर्गमा विभाजन गरी पूर्ण वाक्य र अपूर्ण वाक्यका अभिलक्षणलाई पर्गेलेका छन् । रूपार्थक व्याकरणले पनि अपूर्ण वाक्यका बारेमा अध्ययन गरेको छ । मारिया ह्यारीको नेपाली

वाक्यहरूको मोटामोटी व्यवस्थित संगठनमा अपूर्ण/क्रियेतर वाक्यका बारेमा सामान्य चर्चा गरिएको छ ।

क्रियेतर वाक्यमा समापिका क्रियापद/आख्यातको उपस्थिति हुँदैन । आख्यातले गर्ने कार्यलाई वाक्यमा आएका अन्य व्याकरणात्मक कोटिले पूरा गरेका हुन्छन् । पदवर्गका सबै प्रकारका पद वा पदसमूहले क्रियेतर वाक्य रचना गर्न सक्दछन् । अर्थबोधमा पनि बाध हुँदैन । विशेषतः निपात, विस्मय, सम्बोधनमूलक पदहरू क्रियेतर वाक्य निर्माणमा सबल देखिन्छन् । यस्ता शब्द आख्यातका वैकल्पिक बन्न सक्दछन् । अन्य पदवर्गका पद/पदावलीले पनि क्रियेतर वाक्य निर्माण गर्छन तर निपात, विस्मययादिबोधक र सम्बोधनमूलक पद/शब्दले भने तुलनात्मक रूपमा बढी नै क्रियेतर वाक्य निर्माण गरेका हुन्छन् ।

क्रियेतर वाक्यका संरचक घटकमा विविधता पाइन्छ । भिन्न-भिन्न प्रकृति/पदवर्गका पदहरूले क्रियेतर वाक्य संरचित हुन्छ । एकै पदवर्गको एउटै पद/शब्दले पनि यस्ता वाक्य निर्माण गर्न सक्दछन् । अधिकांश वाक्यमा भने बहुशब्दको संयोजनबाटै क्रियेतररूपी वाक्य बन्दछन् । संरचक घटकहरूले यस्ता वाक्यमा संरचनात्मक सौन्दर्य मात्र हैन भाव सौन्दर्य पनि दिएका हुन्छन् ।

आख्यातविहीन भएर वाक्यका रूपमा प्रयुक्त हुने क्रियेतर वाक्यमा शब्दहरूको मितव्ययी प्रयोग भएको पाइन्छ । श्रुतिमाधुर्यले परिपूर्ण यस्ता वाक्यमा आलङ्कारिताका अभिलक्षण पनि पाइन्छन् । प्रतीक-बिम्ब उपस्थापनमा क्रियेतररूपी वाक्यको प्रयोग बढी भएको हुन्छ । नवीन शैली निर्माणमा सष्ट्रालाई सहयोग पुऱ्याउन सक्ने यस्ता वाक्य समाचारीय शीर्षक/भाषा, विज्ञापनीय भाषाका लागि उपयोगी भएका छन् ।

भाषामा अधिक प्रयोगमा आएका क्रियेतर वाक्यका बारेमा अध्ययनको कमी देखिएकाले यो शोधकार्य गरिएको हो ।

## १.२ शोधशीर्षक

यस शोधकार्यको शीर्षक **नेपाली क्रियेतर वाक्यको अध्ययन** रहेको छ ।

## १.३ शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्र (५१०-१) को प्रयोजनका लागि तयार गरिएको हो ।

## १.४ समस्याकथन

नेपाली भाषा समृद्ध भाषा हो । यो भाषा नेपालको राष्ट्रभाषा पनि हो । राज्यसञ्चालनका काममा नेपाली भाषाको प्रयोग गरिन्छ । दोस्रो भाषी नेपालीले सम्पर्क भाषाका रूपमा नेपाली भाषालाई प्रयोग गर्दछन् । नेपाली भाषामा सबै विधाका साहित्यिक रचनाहरू संरचित छन् । धर्म-दर्शन वाङ्मय आदि पनि नेपाली भाषामा लेखिएका छन् । सहज सम्प्रेषणोन्मुख हुनु भाषाको विशेषता हो । गतिशील भाषाले सरलताको बाटो रोज्दछ । आधुनिक सभ्यता तथा ज्ञानविज्ञानले नेपाली भाषालाई पनि सूत्रात्मकतर्फ डोऱ्याएको छ । विशेषतः समाचारीय भाषा, विज्ञापनीय भाषा, लोकोक्ति, काव्यभाषामा क्रियेतर वाक्यको स्वरूप पाइन्छ । यस्ता वाक्यले अभिव्यक्तिलाई प्रभावकारी बनाउँदछन् । हिजोआज क्रियाविहीन वाक्यको प्रयोग बढ्दो छ । तसर्थ क्रियेतर वाक्यको अध्ययन सान्दर्भिक देखिन्छ । अध्ययनमा देखिएका समस्याहरू यस प्रकारका छन् :-

क) क्रियेतर वाक्यको पहिचान/अभिलक्षण के-कस्ता छन् ?

ख) क्रियेतर वाक्यका नमुना/उदाहरण कस्ता-कस्ता हुन सक्छन् ?

ग) नेपाली भाषाका के-कस्ता वाक्यमा क्रियेतर वाक्य प्रयुक्त हुने गर्दछन् ?

घ) क्रियेतर वाक्यको वर्गीकरण के-कसरी गर्न सकिन्छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

यस प्रस्तावित शोधपत्रको उद्देश्य नेपाली क्रियेतर वाक्यको अध्ययन र वर्गीकरण वस्तुपरक रूपमा गरिएको छ । यसका लागि समस्याकथनका रूपमा उल्लिखित समस्याहरूको समाधान निम्नानुसार खोजिएको छ :-

क) क्रियेतर वाक्यको पहिचान/अभिलक्षणलाई पारिभाषिक रूपमा स्पष्ट्याउनु,

ख) लिखित सामग्रीका क्रियेतर वाक्यहरूका नमुना प्रस्तुत गर्नु,

ग) क्रियेतर वाक्यको वर्गीकरण गर्नु,

घ) लिखित सामग्रीका क्रियेतर वाक्यहरूको संकलन गर्नु,

ङ) क्रियेतर वाक्यको वर्गीकरण र विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

भाषाको प्रकृति, स्वरूप, अर्थ आदिका बारेमा प्राचीन कालदेखि नै पूर्वमा भारतीय मनीषी, मीमांसक, दार्शनिक तथा वैयाकरणहरूले आ-आफ्ना चिन्तन प्रस्तुत गरेका छन् । पूर्वीय मनीषीहरूको शब्दार्थ चिन्तनले आधुनिक भाषा विज्ञानका क्षेत्रमा देखिएका विभिन्न वाद र सिद्धान्तको पृष्ठभूमि थाहा पाउन ठूलो सहयोग पुऱ्याएको छ ।

वेदाङ्गका रूपमा निरूक्त अर्थात् शब्दको व्युत्पत्तिका साथै अर्थ निर्धारण गर्ने शास्त्रको विकास वैदिक कालमा नै भएको थियो । संस्कृतका आदि निरूक्तकार यास्क (ई.पू. आठौँ शताब्दी) वैदिक भाषाका भाषाचिन्तक मानिन्छन् । भारतीय व्याकरण परम्पराका महान् वैयाकरण पाणिनि (ई.पू. पाँचौ शताब्दी) हुन् । पाणिनिद्वारा रचित अष्टाध्यायीमा लौकिक संस्कृतका नियमलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यिनले तत्कालीन समयमा प्रचलित विभिन्न शब्द र रूपहरू दिएका छन् । वार्तिककार कात्यायन (ई.पू.४५० देखि ३००) ले पाणिनिका सूत्रहरूमा संशोधन र परिवर्द्धन गरेका छन् (बन्धु, २०६६:१२) । पाणिनि व्याकरणका व्याख्याता तथा भाष्यकार पतञ्जलि (ई.पू. तेस्रोदेखि पहिलो शताब्दी) ले नामिक पदमात्र पनि वाक्य हुन सक्छ भनेका छन् (गौतम र अन्य, २०६७:२१६) । नामिक पदलाई वाक्यको मान्यता दिने पतञ्जलिको भाषिक चिन्ततमा नै क्रियेतर वाक्यको पहिलो अभिलक्षण पाउन सकिन्छ ।

पदलाई वाक्यको स्वतन्त्र सत्ता स्वीकार्ने अभिहितान्वयवादी सम्प्रदायका मीमांसकहरूलाई पदवादी पनि भन्निछ । **अभिहितानां पदार्थनाम् अन्वयः अभिहितान्वयः** अर्थात् उच्चरित पदका अर्थहरूको परस्परमा अन्वय भएपछि अर्थबोध हुन्छ भन्ने अभिमत यस सम्प्रदायका विद्वान्हरूको रहेको छ । जैमिन (ई.पू. ३००) का अनुसार कुनै खास अर्थका निम्ति अभिव्यक्त पदहरूको समष्टि नै वाक्य हो । कुमारिल भट्ट (६०० ई.) का अनुसार पदको अर्थ प्रयोगद्वारा नै निर्धारित हुन्छ । पदको अर्थ नै मुख्य हो र यसबाहेक वाक्यको छुट्टै अर्थ हुँदैन (बन्धु, २०६६:२३) । पद –प्रकार्यलाई सत्ता ठान्ने यस सम्प्रदायका चिन्तनसँग क्रियेत्तर वाक्यको सम्बन्ध नजिक देखिन्छ ।

पूर्वमा जस्तै पाश्चात्य मुलुकमा पनि भाषिक चिन्तनको परम्परा लामो रहेको छ । सुकरात पूर्वदेखि आजपर्यन्त् भाषिक चिन्तनको परम्परा रोकिएको छैन । डायोनासियस थ्रैक्सको व्यवस्थित व्याकरणको प्रभाव उन्नाईसौँ शदीको अन्त्यसम्म रह्यो । आधुनिक भाषा विज्ञानका पिता फर्डिन्यान्ड डि सोस्युर (सन् १८५७) ले संरचनावादी भाषाविज्ञानको प्रवर्तन

गरेपछि भाषिक चिन्तनमा सम्प्रदाय तथा व्यक्तिका वस्तुनिष्ठ चिन्तनहरू देखा परेका छन् । जेनेभा सम्प्रदाय, रसियाली सम्प्रदाय, प्राग सम्प्रदाय, फ्रान्सेली सम्प्रदाय, कोपनहेगन सम्प्रदायले समापिका क्रियपदयुक्त पूर्ण वाक्यका विषयमा आफ्ना धारणहरू अघि सारे पनि क्रियापदविहीन क्रियेतर/अपूर्ण वाक्यका बारेमा त्यति धेरै चर्चा गरेको पाइँदैन ।

अमेरिकाली संरचनावादका भाषाविज्ञानी ब्लुमफिल्डले वाक्यलाई पूर्ण र अपूर्ण गरी दुई वर्गमा विभाजन गरेका छन् । सर्वाधिक प्रचलित वाक्यरूप भन्दा भिन्न प्रकारका वाक्यलाई अपूर्ण वाक्य मानेका छन् । चूडामणि बन्धुले आफ्नो पुस्तक **भाषाविज्ञानका सम्प्रदाय** मा पूर्ण र अपूर्ण वाक्यलाई दृष्टान्तसहित प्रष्ट पारेका छन् । उनले अपूर्ण वाक्यलाई उद्गारात्मक र पूर्णात्मक गरी दुई वर्गमा विभाजन गरेका छन् ।

रूपार्थपरक व्याकरण/टेगमिम विज्ञान (Tagmemics) ले अपूर्ण वाक्यमा पूर्ण वाक्यमा जस्तै वाक्यका सबै एकाइहरू रहेका हुँदैनन् भनी वाक्यका प्रकारहरूको निर्धारण गर्ने क्रममा उल्लेख गरेको छ (बन्धु,२०६६:९३) । रूपार्थपरक व्याकरणका जन्मदाता र व्याख्याता पाइकले संसारका विभिन्न किसिमका भाषा अध्ययनका लागि भाषाविज्ञानीहरूलाई प्रेरणा दिएका थिए । यसै क्रममा सन्

१९६६-७६ को अवधिमा नेपालका विभिन्न भाषाहरूको रूपार्थपरक अध्ययन भयो । मारिया ह्यारी (सन् १९७३) को नेपाली वाक्यहरूको मोटामोटी व्यवस्थित संगठन ( Tentative Systematic Organization of the Nepali Sentences) शीर्षक लेखमा नेपाली भाषाका वाक्यलाई पूर्ण र अपूर्ण गरी दुई वर्गमा विभाजन गरेकी छन् । पूर्ण वाक्यहरू विस्तृत रूपमा वर्णन गरिएका हुन्छन् भने अपूर्ण वाक्यहरू प्रसङ्गद्वारा पूर्ण वाक्यका रूपमा बुझिने खालका हुन्छन् । यस्ता अपूर्ण वाक्यहरूका एक थरी प्रश्नोत्तर वा वर्णनको क्रममा आएका तथा शब्दहरूको लोप भएपछि बाँकी रहेका वाक्य छन् र अर्का थरी सम्बोधन वा उद्गारमा प्रयोग गरिएका शब्दहरूका रूपमा छुट्टयाइएका छन् (बन्धु, २०६६:१०१) ।

माथि प्रस्तुत गरिएका पूर्वीय तथा पाश्चात्य अध्ययनले क्रियेतर वाक्यको अस्तित्वलाई स्वीकारे पनि क्रियेतर वाक्यको विस्तृत अध्ययन भने गरेका छैनन् । क्रियेतर वाक्यको स्वरूप, विशेषता, महत्त्वमाथि कुनै सूक्ष्म अध्ययनसहितको शोध पाइँदैन । यसका साथसाथै क्रियेतर वाक्यका प्रकारहरूमाथि पनि कुनै आधिकारिक ठोस वर्गीकरण भेटिँदैन । नेपाली भाषामा पनि क्रियेतर वाक्यलाई मारिया ह्यारीले अपूर्ण वाक्य हुन्छ भन्दै यसका बारेमा सामान्य चर्चा गरे

पनि सो अध्ययनले क्रियेतर वाक्यको गहिरो अध्ययन गर्न सकेको छैन् । डा. चूडामणि बन्धु र डा. जयराज आचार्यको अध्ययन पनि पदावली, आधारभूत वाक्य र पूर्ण वाक्यमा नै केन्द्रित भएको छ । आजभोलि क्रियेतर वाक्यको व्यापक प्रयोग भएको हुनाले यसका परिभाषा, स्वरूप, विशेषता, महत्त्व तथा वर्गीकरण गर्नु आवश्यक ठानिएकाले यो शोध गरिएको हो ।

## १.७ शोधकार्यको औचित्य

लेख्य तथा कथ्य दुवै प्रकारका भाषामा क्रियेतर वाक्यको प्रशस्त प्रयोग भए पनि कमै अध्ययन विश्लेषण भएकाले यसको शोधकार्य ओचित्यपूर्ण मान्न सकिन्छ । यसको अध्ययनबाट क्रियाविहीन वाक्यको पहिचान गर्न सकिन्छ । विस्तारित वाक्यलाई सूत्रात्मकरूपमा प्रयोग गरी भाषामा आलङ्कारिता, लयात्मकता ल्याउन सकिन्छ । अभिव्यक्तिगत सौन्दर्य, प्रभावकारी सम्प्रेषण तथा व्याकरण शिक्षणमा सहजता यस शोधको औचित्य रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यो शोधकार्यको सीमा क्रियेतर वाक्यमा मात्र सीमित रहको छ । यसले पूर्णवाक्यको अध्ययन, विश्लेषण गर्ने छैन । क्रियाविहीन वाक्य प्रयोग गरिएका पत्रपत्रिका शीर्षक, विज्ञापनीय भाषा लोकोक्ति, काव्यभाषा तथा निपातयुक्त वाक्यको अध्ययन यस शोधकार्यको क्षेत्रभित्र परेका छन् ।

## १.९ शोधविधि

### क) सामग्री सङ्कलन गर्ने पद्धति

क्रियेतर वाक्यको सैद्धान्तिक तथा ऐतिहासिक अध्ययनका निम्ति मूलतः पुस्तकालयीय पद्धतिलाई उपयोग गरिएको छ । विभिन्न पत्रपत्रिका, विज्ञापन, उखान-टुक्का, काव्यात्मक रचना तथा पाठ्यसामग्रीहरू सङ्कलन गरी अध्ययन-विश्लेषण गरिएको छ । समग्रमा भन्दा सामग्री सङ्कलन गर्ने पद्धति पुस्तकालयीय र क्षेत्रीय रहेको छ ।

**ख) सङ्कलित सामग्री विश्लेषण गर्ने पद्धति**

सङ्कलित सामग्रीलाई वर्णनात्मक विधिका आधारमा विश्लेषण गरिएको छ । सङ्कलित सामग्रीले जे बताउँछ त्यसैका आधारमा निष्कर्ष निकालिएको छ । पूर्वानुमान वा पूर्वजानकारीलाई विश्लेषण पद्धतिमा स्थान दिइएको छैन ।

## १.१० रूपरेखा

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : वाक्यको ऐतिहासिक विकासक्रम र परिभाषा

परिच्छेद तीन : क्रियेतर वाक्यका स्वरूप, विशेषता र महत्त्व

परिच्छेद चार : क्रियेतर वाक्यको अध्ययन

परिच्छेद पाँच : क्रियेतर वाक्यका प्रकार

परिच्छेद छ : उपसंहार

# परिच्छेद दुई : वाक्यको ऐतिहासिक विकासक्रम र परिभाषा

## २.१ वाक्यको व्युत्पत्ति, अर्थ र परिभाषा

'वाक्य' तत्सम शब्द हो । शाब्दिक व्युत्पत्तिलाई हेर्दा वाक्य 'वाक्' आधारपदमा 'य' प्रत्यय लागेर बनेको शब्द हो ।

(संरचना : वाक्+य=वाक्य)

वाक्यको कोशीय अर्थ लबज, शब्द, वचन, बोली, भाषा, वाणी र सरस्वती हुन्छ । अङ्ग्रेजी भाषामा वाक्यलाई सेन्टेन्स (Sentence) भनिन्छ । आधुनिक भाषाविज्ञानले सेन्टेन्सलाई सिन्ट्याक्स (Syntax) का रूपमा लिन्छ । सिन्ट्याक्स शब्द ग्रीक भाषाको सिन्ट्याक्सिस (Syntaxis) बाट आएको हो जसको अर्थ 'सँगै राख्नु' हुन्छ (बन्धु, २०६६:७४) । नेपाली तथा अङ्ग्रेजी भाषाका शब्दकोशमा 'वाक्य' का अर्थलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

संरचनाका दृष्टिले ध्वनि, रूप, पद, पदावली र वाक्यांशयुक्त तथा प्रकार्यका दृष्टिले शब्द नै मुख्य भएको, पूर्ण अर्थ वा भाव प्रकट गर्ने, भाषाको आधारभुत एकाइ, कुरा प्रस्ट पार्ने सार्थक शब्दहरूको समूह ।

- नेपाली बृहत् शब्दकोश, २०४०

कर्ता र क्रियापद वा उद्देश्य र विधेय भएको भाषिक एकाइ, कथन, प्रश्न, आज्ञा आदि जनाउन प्रयोग हुने भाषिक संरचना, लेखाइमा पूर्ण–विराम, प्रश्नचिह्न आदिले छुट्याइने भाषाको एकाइ ।

- प्रयोगात्मक नेपाली शब्दकोश, २०६८

———भाव वा भनाइ स्पष्ट गर्ने गरी प्रयोग भएका शब्दहरूको सार्थक एकाइ, अर्थ पूरा हुने एक शब्द समूह, एक भनाइ, वचन, आज्ञा ।

- नेपाली शब्दसागर, २०६२

———उद्देश्य र विधेयसहितको कुनै भनाइ, प्रश्न, आज्ञा आदिको अभिव्यक्ति दिने पदहरूको समूह नै वाक्य हो ।

-

अक्सफोर्ड एडभान्स लनर्स डिक्सनरी, २०१०: १३९३

————लेख्य- चिह्नसहितको उद्देश्य र विधेय भएको शब्दहरूको समूह वाक्य हो ।

- कोलाइन्छस इङ्लिस डिक्सनरी, २०१२

समापिका क्रियासहितको उद्देश्य र विधेय भएको अभिव्यक्ति नै वाक्य हो ।

-विकिपेडिया, द फ्रि इन्साइक्लोपेडिया

———आधुनिक भाषाविज्ञानका अनुसार वाक्य पदावलीभन्दा माथिल्ला र अनुच्छेदभन्दा तल्लो भाषिक एकाइ हो । पदावलीको संयोजनबाट वाक्यको निर्माण हुने भएकाले वाक्य पदावलीभन्दा माथिल्लो एकाइ वा पदावलीको संरचना हो भने वाक्य वाक्य मिलेर अनुच्छेद बन्ने भएकाले यो अनुच्छेदभन्दा तल्लो एकाइ वा अनुच्छेदको संरचक हो ( गौतम र अन्य,–२०६७:२१५) । पदहरूको सार्थक संयोजनबाट वाक्यको निर्माण हुन्छ । वाक्य-संरचनामा पद, पदावली र उपवाक्य संरचकका रूपमा आएका हुन्छन् । वाक्य विज्ञान ( Syntax) मा यिनै संरचकहरूको वैज्ञानिक अध्ययन गरिन्छ ।

भाषाविज्ञानीहरूले वाक्यलाई आआफ्नै ढाँचामा परिभाषित गरेका छन् । शब्दकोशहरूलाई आधार मान्दा वाक्य सार्थक शब्दहरूको समूह हो जो भावाभिव्यक्तिका दृष्टिले आफैँमा पूर्ण हुन्छ । पूर्वीय वैयाकरण पतञ्जलि (१५० ई.पू. लगभग) तथा पश्चिमी वैयाकरण थ्रैक्स (प्रथम शताब्दी ई.पू. लगभग) ले पहिलो पटक वाक्यलाई परिभाषित गरेका छन् । दुवैले पूर्ण अर्थको प्रतीति गराउने/गर्ने शब्द समूहलाई वाक्य मानेका छन् ।

पूर्वीय वैयाकरणहरूले सुबन्त (नामिक पद) र तिङन्त (क्रियापद) को समष्टि वा क्रियाले युक्त भएको कारक समूहलाई वाक्यका रूपमा लिएका छन् । वैयाकरण पाणिनिका व्याकरण सम्बन्धी चिन्तनका व्याख्याता पतञ्जलिले वाक्यका बारेमा निम्न अवधारणा प्रस्तुत गरेका छन् :-

- नामिक पद र क्रियापदको समष्टि वाक्य हो ।
- क्रियामात्र पनि वाक्य हो ।
- नामिक पदमात्र पनि वाक्य हुन सक्छ ।

पाणिनि र पतञ्जलिका मत अनुसार नामिक पद र क्रियापदको समूह नै वाक्य हो भन्ने स्पष्ट हुन्छ । उनीहरूका अनुसार वाक्य अखण्ड हुन्छ ; वाक्यका पदहरूलाई छुट्याइन्छ तर त्यो विभाजन काल्पनिक हो (बन्धु,–२०६६:१६) । उत्तरवर्ती भर्तृहरि तथा अन्य पूर्वीय वैयाकरणहरूले पनि पाणिनि र पतञ्जलिकै मतलाई अनुसरण गरेका छन् ।

पद तथा वाक्यका बारेमा पूर्वमा अभिहितान्वयवाद र अन्विताभिधानवाद सिद्धान्तले गहिरो अध्ययन गरेका छन् । अन्विताभिधानवादले वाक्यकै सार्थक सत्ता मुख्य हो । पद वाक्यको एक अंश_मात्र हो । पदको पृथक् सत्ता हुँदैन भन्ने मत अघि सारेको छ । अभिहितान्वयवादले पद नै सार्थक सत्ता हो अर्थात् वाक्य पदहरूको योगबाट निर्मित रूप हो भन्ने मतलाई जोड दिएको छ । भर्तृहरिले आफ्नो वाक्यपदीय (ब्रह्मकाण्ड:७३) मा वाक्यको सत्तालाई नै वास्तविक ठानेका छन् । जगदीशले आकाङक्षा र आसक्तियुक्त शब्दसमूहलाई वाक्य भनेका छन् । विश्वनाथले योग्यता, आकाङक्षा र आसक्तिले युक्त पदसमूहलाई वाक्य भनेका छन् । कोशकार अमरसिंहले सुबन्त र तिङन्त पदहरूको समूहलाई वाक्य भनेका छन् । उनैले कारकसहितको क्रियालाई पनि वाक्य मानेका छन् (बन्धु, २०६६:१७) । अन्विताभिधानवाद र भर्तृहरिको मत नै आज भाषा विज्ञान जगत्मा मान्य मतका रूपमा रहेको छ । वाक्यका सम्बन्धमा पूर्वीय मीमांसक/वैयाकरणहरूका परिभाषा निम्नानुसार छन् :-

भर्तृहरि : –पदे न वर्णा विद्यन्ते वर्णेष्ववयवा न च ।

वाक्यात् पदानामत्यन्तें प्रविवेको न कश्चन ।

- वाक्यपदीय, ब्रह्मकाण्ड :७३

विश्वनाथ : वाक्यं स्यात योग्यताकांक्षासत्तियुक्ति : पदोच्चय : ।

जैमिनी : अर्थकत्वादेकं वाक्यं साकांक्षां चेद्धि भागे स्यात् ।

माथिका परिभाषामा मूलतः दुई मत देखिन्छन् :-

- वाक्य शब्दको समूह हो ।
- वाक्य पूर्ण हुन्छ ।

पूर्वमा जस्तै पश्चिममा पनि भाषा चिन्तनको लामो इतिहास छ । सभ्यता, साहित्य, संस्कृतिको उर्वर थलो ग्रीस मानिन्छ । ग्रीक दार्शनिक सुकरात (४६९ई.पू. देखि ३९९ई.पू.) ले पश्चिममा पहिलो पटक शब्द र अर्थका बीचको सम्बन्धमाथि आफ्नो भाषिक चिन्तन प्रस्तुत गरेका थिए । सुकरातका शिष्य प्लेटो (४२९ देखि ३४७ ई.पू.) ले ग्रीक ध्वनिको सम्बन्धमा आफ्नो चिन्तन प्रस्तुत गरी ध्वनिलाई घोष र अघोषमा वर्गीकरण गरेका थिए । यिनले उद्देश्य-

विधेय तथा वाक्यका बारेमा पनि सतही चर्चा गरेका छन् । अर्का दार्शनिक अरस्तु (३८५ ई.पू. देखि ३२२ ई.पू.) ले वाक्यलाई उद्देश्य र विधेयमा विभाजन गरेका छन् (तिवारी,२००९:–५०६) । उनले संज्ञा र क्रियाका बारेमा पनि प्रकाश पारेका छन् ।

दोस्रो शताब्दीका ग्रीसेली भाषाका प्रथम वैयाकरण डायोनासियस थ्रैक्सले आफ्नो व्यवस्थित व्याकरणमा कर्ता र क्रियाका सम्बन्धमा सम्यक् विचार प्रस्तुत गरेका छन् ( तिवारी,२००९:५०६) । वाक्य व्यवस्था अन्तर्गत वाक्यमा उद्देश्य-विधेय हुने कुरा बताएका छन् (न्यौपाने र अन्य,२०६७:१८) । यिनको यो व्याकरणले लामो समयसम्म पश्चिमा मुलुकमा प्रभाव पार्‍यो । उत्तरवर्ती वैयाकरणहरूले पनि थ्रैक्सकै अनुसरण गरेका छन् । फर्डिन्यान्ड डि सोसुर (सन् १८५७) संरचनात्मक भाषाविज्ञानका पिता मानिन्छन् । उन्नाइसौँ शताब्दीको अन्त्यतिर सोसुरले संरचनावादी भाषाविज्ञानको प्रवर्तन गरेपछि भाषाविज्ञानका क्षेत्रमा आधुनिक युगको आरम्भ हुन्छ । युरोप र अमेरिकामा भाषाविज्ञानको अध्ययनमा विभिन्न सम्प्रदायहरूका भाषिक चिन्तन देखा पर्दछन् ।

### २.२.१ प्राग सम्प्रदाय

प्राग विश्वविद्यालयमा अङ्ग्रेजी भाषाका प्राध्यापक मेथेसिस (सन् १८८२-१९४५) ले वाक्यको प्रकार्यपरक अध्ययनमा वाक्यसम्बन्धी आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । उनको धारणा प्रकार्यात्मक वाक्य-परिप्रेक्ष्य (Functional Sentence Perspective) नामले प्रसिद्ध छ । प्रकार्यका दृष्टिले वाक्य दुई भाग थिम (Theme) र रिम (Rheme) हुन्छन् ।–भनी उनले उल्लेख गरेका छन् । थिम वाक्यात्मक अभिव्यक्तिको त्यो अंश हो जो पूर्वज्ञात र पूर्वसन्दर्भित हुन्छ । थिमलाई अघि नै स्वीकृत गरिएको हुन्छ । अर्को अंश जसलाई रिम (Rheme) भनिन्छ जसमा नयाँ कुरा थपिन्छ । यस अंशले श्रोता वा पाठकलाई नयाँ सूचना दिँदै उसको ज्ञान बढाउँछ (बन्धु,२०६६:–५४) । थिमका रूपमा प्राय : उद्देश्य/कर्ता आउने गर्छ तर सबै वाक्यमा यस्तो पदक्रम नहुन पनि सक्छ । यसलाई अमेरिकाली संरचनावादीहरूले शीर्ष र टिप्पणी (Topic and Comment) भनेका छन् ।

### २.२.२ अमेरिकाली संरचनावाद

अमेरिकाली संरचनावादका भाषाविज्ञानी ब्लुमफिल्ड (सन् १८८७-१९४९) ले वाक्य विश्लेषण पद्धतिमा निकटघटकको कुरा उठान गरेपछि वेल्ज (सन् १९४३), ह्यारिस (सन्

१९४६), हकेट (सन् १९५४) जस्ता भाषावैज्ञानिकहरूले पनि निटकघटक विश्लेषणको कार्यलाई निरन्तरता दिए । संरचनावादीहरूको विचारमा वाक्य भनेको कुनै पनि भाषाका छानिएका घटकहरूको क्रम हो जसलाई व्यवस्थित, परिवर्तित र अनुतानयुक्त गरिएको हुन्छ ( बन्धु,–२०६६–:–७४) । ब्लुमफिल्डका विचारमा वाक्य एउटा यस्तो स्वतन्त्र भाषिक रूप हो जुन त्यसभन्दा ठूलो भाषिक रूपमा समाविष्ट हुँदैन । हकेटका विचारमा चाहिँ वाक्य त्यो संरचना हो जुन अर्को बृहत्तर संरचनाको संरचक होइन (बन्धु, २०६६ :७४) । परम्परागत व्याकरणमा जस्तै संरचनावादीहरूले पनि शब्दहरूलाई क्रमिक रूपमा राखी वाक्य निर्माण गर्ने नियमको नै अनुसरण गरेका छन् ।

### २.२.३ -**रूपार्थपरक व्याकरण (टेगमिम विज्ञान)**

अमेरिकी भाषाविज्ञानी केनिथ ली पाइक (सन् १९१२) रूपार्थपरक व्याकरणका प्रर्वतक तथा व्याख्याता हुन् । यस क्षेत्रमा लाङ्गेकरजस्ता भाषावैज्ञानिकको उपस्थित पनि जोडदार रूपमा भएको छ । टेगमिम सम्प्रदायका धेरैजसो भाषावैज्ञानिकहरू समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिकसँग आबद्ध थिए । सन् १९८३ का ताका यस संस्थाका विद्वान्हरूले संसारका ६५० जति भाषाको अध्ययन गरेका थिए । टेगमिम विज्ञानका अनुसार वाक्य एक किसिमको पूर्ण संरचना हो जसको स्वतन्त्र अस्तित्व हुन्छ । वाक्यमा एक किसिमको वाक्यान्त अनुतान हुन्छ । यो वाक्यखण्डहरूबाट निर्मित हुन्छट र यसले प्रकरणका तहको स्थान (Sslot) पूर्ति गर्छ । यसको आर्थी कार्य प्रतिज्ञापन गर्नु हो (बन्धु, २०६६:९३) ।

भाषाविद् भेल्गा र पिकेटले वाक्यलाई परिभाषित गर्दै वाक्य भनेको एउटा त्यस्तो एकाइ हो  जसमा समापनको सङ्केत गर्ने अनुतान वा विराम हुन्छ र जसले सधैँ नभए पनि प्राय: जसो बृहत्तर संरचनाको स्थान पूर्ति गर्छ । यसै गरी अर्का भाषाविद् लाङ्गेकरले वाक्यको परिभाषा दिँदै वाक्य भनेको संरचना प्ररूप (Syntagmeme) हरूको यस्तो वर्ग हो जो उपवाक्य संरचना-प्ररूपभन्दा माथिल्लो तहमा र प्रकरण र सङ्कथनस्तर संरचना-प्ररूपभन्दा तल्लो तहमा काम गर्छ (बन्धु, २०६६;:–९४) ।

### २.२.४ -**व्यवस्थापरक व्याकरण**

व्यवस्थापरक व्याकरणका मूलभूत मान्यताहरू जे.आर.फर्थ (सन् १८९०-१९६०) का लेखहरूमा पाइन्छ । यस सम्प्रदायका भाषाशास्त्रीले वाक्यलाई उपवाक्यबाट निर्मित व्याकरणिक एकाइका रूपमा लिएका छन् । (गौतम र अन्य, २०६७–:–२१६०) ।

### २.२.५ रूपान्तरण व्याकरण

रूपान्तरण व्याकरणलाई आधुनिक भाषाविज्ञानका क्षेत्रमा महत्त्वका दृष्टिले हेरिन्छ । यस व्याकरणका प्रणेता नोम चम्स्की हुन् । रूपान्तरणवादी भाषाविद्ले निश्चित लमाइ र तत्त्व भएको र निश्चित अर्थ प्रदान गर्ने भाषाको सबैभन्दा ठूलो एकाइलाई वाक्यका रूपमा लिएका छन् । (गौतम र अन्य, २०६७ : २१६) ।

पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका विचारहरूको अध्ययन पश्चात् समग्रमा भन्दा एउटा उद्देश्य र एउटा विधेय भएको स्वतन्त्र अर्थ प्रदान गर्ने भाषिक एकाइ नै वाक्य हो । कर्ताको प्रकार्य गर्ने पद वाक्यको उद्देश्य खण्डमा आउँछन् भने विधेय अर्न्तगत कर्म, पूरक र क्रियाविशेषणको प्रकार्य गर्ने पदहरू आउँछन् । यसलाई उदाहरणका रूपमा यसरी हेर्न सकिन्छ

क) सीता पढ्छे । (कर्ता+क्रिया)

ख) ऊ घर बनाउँछ । (कर्ता+कर्म–+क्रिया)

ग) ज्ञानप्रसाद ज्ञानी छ । (कर्ता+पूरक+क्रिया)

घ) हामी बिस्तारै हिँड्छौँ । (कर्ता+क्रियाविशेषण+क्रिय)

उद्धेश्य र विधेयलाई अझ स्पष्टताका लागि आरेखमा यसरी देखाउन सकिन्छ :-

क) निकिता बाठी छिन् ।
*उद्देश्य* *विधेय*

ख) उनीहरू हिजो लुखुरलुखुर हिँडेर मावल पुगे ।
*उद्देश्य* *विधेय*

## २.३ क्रियेतर शब्दको व्युत्पत्ति र अर्थ

'क्रियेतर' शब्द 'क्रिया' र 'इतर' बीच सन्धि भएर बनेको शब्द हो । (संरचना: क्रिया+इतर=क्रियेतर) 'क्रिया' र 'इतर' दुवै शब्द तत्सम शब्द हुन् । प्रक्रिया, घटना, गतिविधिजस्ता कार्य जनाउने शब्दलाई क्रिया भनिन्छ । क्रियाको कार्य भनेको प्रक्रिया वा

गतिविधि जनाउनु हो (अधिकारी, २०६७:९९) । 'इतर' शब्दको अर्थ अर्को, अन्य, परको, बाहेक वा भिन्न भन्ने अर्थमा नाम शब्दको पछाडि आउने शब्दांश हुन्छ (अधिकारी र अन्य, २०६८:९२) । यसरी हेर्दा 'क्रिया' को उपस्थिति नरहेको शब्द नै क्रियेतर शब्द हो । क्रियाभन्दा बाहेकका शब्द क्रियेतर शब्द हुन् ।

## २.४ क्रियतेर वाक्यको अर्थ

'क्रियेतर वाक्य' पदावली हो । यस पदावलीले कुनै कथनमा क्रियापदको लोप/अभाव छ भन्ने कुरालाई सङ्केत गर्दछ । पश्चिमी वैयाकरण तथा भाषाविज्ञानीहरूले क्रियेतर वाक्यलाई अपूर्ण वाक्यका रूपमा अध्ययन गरेको पाइन्छ । नेपाली भाषामा पनि क्रियाविहीन वाक्यलाई अपूर्ण वाक्यकै रूपमा हेरिएको छ । समापिका क्रियापदरहित वाक्य नै क्रियेतर वाक्य हो (विकिपेडिया, द फ्रि इन्साइक्लोपेडिया) । वाक्यका संरचनामा अन्य व्याकरणात्मक कोटिको उपस्थिति देखिए पनि समापिका क्रियापदको उपस्थिति नदेखिने तर वाक्यात्मक कार्य पूर्ण भएको जानकारी दिने वाक्यलाई क्रियेतर वाक्य हो भनी अर्थ्याउन सकिन्छ ।

## २.५ क्रियेतर/अपूर्ण वाक्यको पृष्ठभूमि, पहिचान तथा परिभाषा

भाषाको प्रकृति, स्वरूप, अर्थ आदिका बारेमा प्राचीन कालदेखि नै पूर्वमा भारतीय मनीषी, मीमांसक, दार्शनिक तथा वैयाकरणहरूले आ-आफ्ना चिन्तन प्रस्तुत गरेका छन् । पूर्वीय मनीषीहरूको शब्दार्थ चिन्तनले आधुनिक भाषा विज्ञानका क्षेत्रमा देखिएका विभिन्न वाद र सिद्धान्तको पृष्ठभुमि थाहा पाउन ठूलो सहयोग पुऱ्याएको छ ।

वेदाङ्गका रूपमा निरूक्त अर्थात् शब्दको व्युत्पत्तिका साथै अर्थ निर्धारण गर्ने शास्त्रको विकास वैदिक कालमा नै भएको थियो । संस्कृतका आदि निरूक्तकार यास्क (ई.पू. आठौँ शताब्दी) वैदिक भाषाका भाषाचिन्तक मानिन्छन् । भारतीय व्याकरण परम्पराका महान् वैयाकरण पाणिनि (ई.पू. पाँचौ शताब्दी) हुन् । पाणिनिद्वारा रचित अष्टाध्यायीमा लौकिक संस्कृतका नियमलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यिनले तत्कालीन समयमा प्रचलित विभिन्न शब्द र रूपहरू दिएका छन् । वार्तिककार कात्यायन (ई.पू.४५० देखि ३००)

ले पाणिनिका सूत्रहरूमा संशोधन र परिवर्द्धन गरेका छन् (बन्धु, २०६६:१२) । पाणिनि व्याकरणका व्याख्याता तथा भाष्यकार पतञ्जलि (ई.पू. तेस्रोदेखि पहिलो शताब्दी) ले नामिक पदमात्र पनि वाक्य हुन सक्छ भनेका छन् (गौतम र अरू, २०६७:२१६) । नामिक पदलाई वाक्यको मान्यता दिने पतञ्जलिको भाषिक चिन्ततमा नै क्रियेतर वाक्यको पहिलो अभिलक्षण पाउन सकिन्छ ।

पदलाई वाक्यको स्वतन्त्र सत्ता स्वीकार्ने अभिहितान्वयवादी सम्प्रदायका मीमांसकहरूलाई पदवादी पनि भन्निछ । **अभिहितानां पदार्थनाम् अन्वयः अभिहितान्वयः** अर्थात् उच्चरित पदका अर्थहरूको परस्परमा अन्वय भएपछि अर्थबोध हुन्छ भन्ने अभिमत यस सम्प्रदायका विद्वान्हरूको रहेको छ । जैमिन (ई.पू. ३००) का अनुसार कुनै खास अर्थका निम्ति अभिव्यक्त पदहरूको समष्टि नै वाक्य हो । कुमारिल भट्ट (६०० ई.) का अनुसार पदको अर्थ प्रयोगद्वारा नै निर्धारित हुन्छ । पदको अर्थ नै मुख्य हो र यसबाहेक वाक्यको छुट्टै अर्थ हुँदैन (बन्धु, २०६६:२३) । पद –प्रकार्यलाई सत्ता ठान्ने यस सम्प्रदायका चिन्तनसँग क्रियेत्तर वाक्यको सम्बन्ध नजिक देखिन्छ ।

पूर्वमा जस्तै पाश्चात्य मुलुकमा पनि भाषिक चिन्तनको परम्परा लामो रहेको छ । सुकरात पूर्वदेखि आजपर्यन्त् भाषिक चिन्तनको परम्परा रोकिएको छैन । डायोनासियस थ्रैक्सको व्यवस्थित व्याकरणको प्रभाव उन्नाईसौँ शदीको अन्त्यसम्म रह्यो । आधुनिक भाषा विज्ञानका पिता फर्डिन्यान्ड डि सोस्युर (सन् १८५७) ले संरचनावादी भाषाविज्ञानको प्रवर्तन गरेपछि भाषिक चिन्तनमा सम्प्रदाय तथा व्यक्तिका वस्तुनिष्ठ चिन्तनहरू देखा परेका छन् । जेनेभा सम्प्रदाय, रसियाली सम्प्रदाय, प्राग सम्प्रदाय, फ्रान्सेली सम्प्रदाय, कोपनहेगन सम्प्रदायले समापिका क्रियपदयुक्त पूर्ण वाक्यका विषयमा आफ्ना धारणहरू अघि सारे पनि क्रियापदविहीन क्रियेतर/अपूर्ण वाक्यका बारेमा त्यति धेरै चर्चा गरेको पाइँदैन ।

अमेरिकाली संरचनावादका भाषाविज्ञानी ब्लुमफिल्डले वाक्यलाई पूर्ण र अपूर्ण गरी दुई वर्गमा विभाजन गरेका छन् । सर्वाधिक प्रचलित वाक्यरूप भन्दा भिन्न प्रकारका वाक्यलाई अपूर्ण वाक्य मानेका छन् । चूडामणि बन्धुले आफ्नो पुस्तक भाषाविज्ञानका सम्प्रदायमा पूर्ण र अपूर्ण वाक्यलाई दृष्टान्तसहित यसरी प्रष्ट पारेका छन् :- उदाहरणका लागि **रामले भात खायो** वाक्यलाई लिन सकिन्छ । यो सर्वाधिक प्रचलित वाक्यरूप हो । तर, जब हामी **भात कसले खायो** ? भनी सोध्दा **राम**ले खायो भन्छौँ त्यस स्थितिमा यो अपूर्ण वाक्य हुन्छ । यस्ता अपूर्ण वाक्यहरू उद्गारात्मक र पूर्णात्मक गरी दुई प्रकारका हुन्छन् । **हजुर** ! जस्तो उद्गारलाई

उद्गारात्मकको उदाहरण मान्न सकिन्छ भने **राम कहाँ गयो** ? जस्ता प्रश्नका उत्तरमा आएको बजार जस्ता अभिव्यक्तिलाई पूर्णात्मकका उदाहरणमा राख्न सकिन्छ । (यो शोधपत्रमा भने समापिका क्रियापद प्रयोग नभएका उद्गारात्मक ढाँचाका वाक्यको मात्र अध्ययन गरिएको छ ।)

रूपार्थपरक व्याकरण/टेगमिम विज्ञान (Tagmemics) ले अपूर्ण वाक्यमा पूर्ण वाक्यमा जस्तै वाक्यका सबै एकाइहरू रहेका हुँदैनन् भनी वाक्यका प्रकारहरूको निर्धारण गर्ने क्रममा उल्लेख गरेको छ (बन्धु,२०६६:९३) । रूपार्थपरक व्याकरणका जन्मदाता र व्याख्याता पाइकले संसारका विभिन्न किसिमका भाषा अध्ययनका लागि भाषाविज्ञानीहरूलाई प्रेरणा दिएका थिए । यसै क्रममा सन् १९६६-७६ को अवधिमा नेपालका विभिन्न भाषाहरूको रूपार्थपरक अध्ययन भयो । मारिया ह्यारी (सन् १९७३) को नेपाली वाक्यहरूको मोटामोटी व्यवस्थित संगठन (Tentative Systematic Organization of the Nepali Sentences) शीर्षक लेखमा नेपाली भाषाका वाक्यलाई पूर्ण र अपूर्ण गरी दुई वर्गमा विभाजन गरेकी छन् । पूर्ण वाक्यहरू विस्तृत रूपमा वर्णन गरिएका हुन्छन् भने अपूर्ण वाक्यहरू प्रसङ्गद्वारा पूर्ण वाक्यका रूपमा बुझिने खालका हुन्छन् । यस्ता अपूर्ण वाक्यहरूका एक थरी प्रश्नोत्तर वा वर्णनको क्रममा आएका तथा शब्दहरूको लोप भएपछि बाँकी रहेका वाक्य छन् र अर्को थरी सम्बोधन वा उद्गारमा प्रयोग गरिएका शब्दहरूका रूपमा छुट्टयाइएका छन् (बन्धु,२०६६:१०१) । भाषाविज्ञानी तथा शब्दकोशहरूले क्रियेतर वाक्यका निम्न परिभाषा प्रस्तुत गरेका छन्:-

उद्देश्यसहितको पूर्ण अर्थ दिने क्रियाविहीन वाक्य क्रियेतर वाक्य हो ।

- डिक्सनरी डट कम, २०११

संरचनामा आख्यात नभएको तर वाक्यझैं कार्य गर्ने वाक्य नै क्रियेतर वाक्य हो ।

- रिचार्ड नोरक्विस्ट, ग्रामर एन्ड कम्पोजिसन गाइड

समापिका क्रियापदरहित वाक्य नै क्रियेतर वाक्य हो ।

- विकिपेडिया, द फ्रि इन्साइक्लोपेडिया

व्याकरणात्मक संरचनामा केही यस्ता एकाइ हुन्छन् जसमा क्रियाको अभाव हुन्छ तर व्याकरणात्मक कोटिमा प्रयुक्त कर्ता, कर्म आदिले पूर्ण वाक्यझैं वाक्यको विश्लेषण तथा कार्य गरेका हुन्छन् ।

-इन्साइक्लोपेडिया डट कम

(www.encyclopedia.com)

वाक्यको विधेय भाग /खण्डको कार्य गर्ने र विधेयको चिनारी दिने शब्द तथा शब्द समूह नै क्रियेतर वाक्य हो ।

-कोलाइन्स इङ्लिस डिक्सनरी, २०१२

समापिका क्रियापदको अनुपस्थितिमा वाक्यात्मक कार्यान्वयन हुने वाक्यको संरचना क्रियेतर वाक्य हो ।

-Relate Wise GEEK Articls

२.६

## नेपाली वाक्यहरूको अध्ययन

रूपार्थपरक व्याकरणका जन्मदाता पाइकले संसारका विभिन्न भाषाको अध्ययन गर्न भाषाविद्हरूलाई प्रेरणा दिएपछि समर इन्स्टिच्युट अफ लिडग्विस्टिक्सका भाषाशास्त्रीहरूले नेपालका केही भाषाहरूको अध्ययन सन् १९६६-७६ को समयावधिमा गरेका थिए ।

मारिया ह्यारी (१९७३) ले Tentative Systematic Organization of the Nepali Sentences भन्ने आफ्नो लेखमा नेपाली भाषाका वाक्यहरू पूर्ण र अपूर्ण गरी दुई प्रकारका छन् भन्ने कुरा उल्लेख गरेकी छिन् । उनका अनुसार पूर्ण वाक्यहरू विस्तृत रूपमा वर्णन गरिएका हुन्छन् भने अपूर्ण वाक्यहरू प्रसङ्गद्धारा पूर्ण वाक्यका रूपमा बुझिने खालका हुन्छन् ।

नेपाली भाषाका आधारभूत वाक्यहरूको निर्धारण डा.चूडामणि बन्धुको नेपालीका उपवाक्य ढाँचाहरू (Clause Patterns in Nepali, 1973) मा पाइन्छ । उनका अनुसार कुनै पनि भाषिक सामग्रीबाट उपवाक्यलाई छुट्ट्याउन सर्वप्रथम क्रियालाई हेरिन्छ । क्रिया समापिका होस् वा असमापिका यसले उपवाक्यलाई छुट्ट्याउँछ । क्रियासँग सम्बन्धित हुने नामपदावलीहरू नै तिनका कारक हुन् र कुन किसिमका क्रियासँग कुन किसिमका कारक आउँछन् भन्ने कुरा क्रियाका प्रकारका आधारमा छुट्ट्याइन्छ (बन्धु,२०६६:१०३) ।

आधारभूत उपवाक्यलाई छुट्टयाउनका निम्ति रूपार्थपरक आधारमा नेपालका भाषाहरूको अध्ययन गर्ने क्रममा आस्टिन हेलले प्रस्तुत गरेको वाक्यविधेयको आर्थी कार्य देखाउने पद्धतिले महत्वपूर्ण आधार दिएको छ । उनको विश्लेषण पद्धतिले उपवाक्यका सम्भावित इटिक प्रकारबाट कसरी इमिक प्रकारमा जान सकिन्छ भन्ने कुरालाई स्पष्ट पारेको छ (बन्धु,२०६६:१०३) ।

डा.जयराज आचार्य (१९९५) को नेपालीको वर्णनात्मक व्याकरण र विश्लेषित सामग्री (A Descriptive Grammar of Nepali and Analysed Corpus) शीर्षक शोधप्रबन्ध रूत्त्व, शब्दतत्त्व र वाक्यतत्त्वको विवेचना गरिएको छ (बन्धु, २०६६:१०७) ।

माथि प्रस्तुत गरिएका पूर्वीय तथा पाश्चात्य अध्ययनले क्रियेतर वाक्यको अस्तित्वलाई स्वीकारे पनि क्रियेतर वाक्यको विस्तृत अध्ययन भने गरेका छैनन् । क्रियेतर वाक्यको स्वरूप, विशेषता, महत्त्वमाथि कुनै सूक्ष्म अध्ययनसहितको शोध पाइँदैन । यसका साथसाथै क्रियेतर वाक्यका प्रकारहरूमाथि पनि कुनै आधिकारिक ठोस वर्गीकरण भेटिँदैन । नेपाली भाषामा पनि क्रियेतर वाक्यलाई मारिया ह्यारीले अपूर्ण वाक्य हुन्छ भन्दै यसका बारेमा सामान्य चर्चा गरे पनि सो अध्ययनले क्रियेतर वाक्यको गहिरो अध्ययन गर्न सकेको छैन् । डा. चूडामणि बन्धु र डा. जयराज आचार्यको अध्ययन पनि पदावली, आधारभूत वाक्य र पूर्ण वाक्यमा नै केन्द्रित भएको छ । आजभोलि क्रियेतर वाक्यको व्यापक प्रयोग भएको हुनाले यसका परिभाषा, स्वरूप, विशेषता, महत्त्व तथा वर्गीकरण गर्नु आवश्यक ठानिएकाले यो शोध गरिएको हो ।

## परिच्छेद तीन : क्रियेतर वाक्यका स्वरूप, विशेषता र महत्त्व

## ३.१ क्रियेतर वाक्यको संरचनात्मक स्वरूप

क्रियेतर वाक्यको मूल स्वरूप नै क्रियाविहीनता हो । यस्ता वाक्यमा समापिका क्रियापदबाहेक अन्य व्याकरणात्मक कोटिहरू क्रमबद्ध रूपमा आएका हुन्छन् । एकल अक्षरात्मक शब्ददेखि बहुशब्दसम्मको संरचनात्मक स्वरूप क्रियेतर वाक्यमा पाइन्छ । केही निपात, विस्मयादिबोधक, सम्बोधनमूलक एकल अक्षरका शब्दहरूले पनि पूर्ण वाक्यझैँ कार्य गरेका हुन्छन् । नामपद र नामपद, सर्वनापद र नामपद, विशेषण र नामपद, क्रियाविशेषण र नामपद आदिको योगबाट क्रियेतर वाक्य बनेका हुन्छन् । कुनै पदवर्गको एउटै शब्द/पद पनि क्रियेतर वाक्य बनेर बाक्यमा आउन सक्छ । नामयोगी, संयोजक, विभक्ति, निपात, विस्मयादिबोधकपदहरू पनि क्रियेतर वाक्यमा व्याकरणसम्मत भएर रहेका हुन्छन् । पदहरूको विचलित स्वरूप पनि क्रियेतर वाक्यमा पाउन सकिन्छ । क्रियेतर वाक्यका संरचनात्मक स्वरूपलाई बुँदागत रूपमा निम्नानुसार स्पष्ट पार्न सकिन्छ :-

### ३.१.१ समापिका क्रियापदको अभाव

क्रियेतर वाक्यको मूल संरचनात्मक अभिलक्षण नै वाक्यमा समापिका क्रियापद नरहनु हो । समापिका क्रियापदविना पनि क्रियेतर वाक्यले एक पूर्ण वाक्यझैँ अभिव्यक्तिगत अभिप्रायलाई पूर्णता दिएको हुन्छ । उद्‌गार, विस्मय, सम्बोधन, प्रश्नात्मक-उत्तरात्मक, पदावली, वाक्यांश, समाचारीय शीर्षक, उखान तथा विज्ञापनीय भाषामा यस्ता वाक्यहरू प्रशस्त पाउन सकिन्छ ।

उदाहरण:-

| | |
|---|---|
| आहा ! क्या सुन्दर गाउँ ! | (उद्‌गार) |
| तिम्रो नाम ? | |
| दिलसरा । | (प्रश्नात्मक-उत्तरात्मक) |
| राष्ट्रपतिको कार्यालय | (पदावली) |
| बाँदरको पुच्छर लौरो न हतियार | (उखान) |
| वन कार्यालय प्रमुखविहीन | (समाचारीय शीर्षक) |
| नि:सन्तान दम्पतीहरूका लागि खुसीको खबर ! | (विज्ञापनीय भाषा) |

### ३.१.२ एकाक्षरदेखि बहुशब्दसम्मको संरचना

क्रियेतर वाक्यमा सार्थक एक अक्षर पनि पूर्ण अर्थ दिने वाक्यका रूपमा आउन सक्छ । निपातमूलक, सम्बोधनमूलक, विस्मयमूलक ढाँचाका क्रियेतर वाक्यमा एकै अक्षरको शब्द पनि पूर्ण अर्थ प्रदान गर्ने वाक्य बनेको पाउन सकिन्छ । अधिकांशतः बहुशब्दको संयोजनबाट क्रियेतर वाक्य निर्माण भएका हुन्छन् । विविध व्याकरणात्मक कोटिले सार्थक अभिव्यक्तिसहितको क्रियेतर वाक्यको संरचनात्मक स्वरूप बनाएका हुन्छन् । अँ, हँ, ल, लौ, है जस्ता निपात तथा ए, हे जस्ता सम्बोधनमूलक एकाक्षर पनि पूर्णवाक्यझैँ कार्य गर्न सक्दछन् ।

### ३.१.३ संरचक घटकमा विविधता

क्रियेतर वाक्यको संरचनामा भिन्नभिन्न प्रकृतिका संरचक घटकहरूको उपस्थिति हुन्छ । क्रियापद इतरका संरचक घटकहरू क्रमबद्ध रूपमा व्याकरणसम्मत भएर आएका हुन्छन् । यस्ता संरचक घटकहरूले पूर्ण अर्थ दिने क्रियेतर वाक्य निर्माण गर्दछन् ।

उदाहरणः

| | |
|---|---|
| नेपाल सरकार | (नामपद+ नामपद) |
| धार्मिक पर्यटकीय स्थल सिद्धेश्वर | (विशेषणपद + नामपद) |
| खुरुखुरु पढाइ | (क्रियायोगी/अनुकरणात्मक+ नामपद) |
| चौध दिनदेखि महामारीको प्रकोप | (विभक्तियुक्त) |
| आयल निगममाथि छानबिन आवश्यक | (नामयोगीयुक्त) |
| कारागार र जिल्ला प्रहरी घेराउ | (संयोजकयुक्त) |
| खोइ त कमाइ | (निपातयुक्त) |
| आहा ! क्या सुन्दर दृश्य ! | (विस्मययुक्त) |

### ३.१.४ पदविचलन

खास गरी भावाभिव्यक्तिमा वैचित्र्य देखिने क्रियेतर वाक्यहरूमा पद विचलनको स्वरूप पाइन्छ । व्याकरणसम्मत पदकोटिहरू यस्ता वाक्यमा आएका हुँदैनन् । कुनै भनाइलाई विशेष जोड दिँदा वा आलङ्कारिक बनाउँदा क्रियेतर वाक्यमा पदहरूको विचलन हुने गर्दछ । कलात्मकताको आधिक्य भएका यस्ता वाक्यहरूमा रागात्मक पक्ष सबल देखिन्छ ।

उदाहरणः

मनको सुन्दर सिंहासनमा
जगदीश्वरको राज ।
चेतनको यो ज्योति हिरण्मय
उसको शिरको ताज ॥

(लक्ष्मीप्रसाद देवकोटा, यात्री)

थोत्रो पाटी उज्यालो, मलिन तृण कुटी, कन्दरा झन् उज्यालो ।
भिक्षा भारी उज्यालो, अझ घन वनको सागसिस्नु उज्यालो ।

(लेखनाथ पौड्याल, सत्यसन्देश)

कण्ठध्वनि धूवाँधार वाग्भैरवी मङ्गल गायक
भुजङ्गझङ्कार मुन्द्रीको तेजस्वी लोकदर्शन
चिरञ्जीवी मानवजातिको
उद्‌गार
क्रान्तिकालको ।

(जगदीश शमशेर राणा, नरसिंह अवतार)

## ३.२ क्रियेतर वाक्यका विशेषता

भाषामा प्रयुक्त क्रियेतर वाक्यको आफ्नै मौलिक पहिचान छ । कथ्य-लेख्य दुवै अभिव्यक्तिमा क्रियेतर वाक्यले आफूलाई आफ्नै पृथक् विशेषताले स्थापित गराएको हुन्छ । क्रियेतर वाक्यको पहिलो विशेषता वा पहिचान नै आख्यातविहीन भएर वाक्यमा प्रयुक्त हुनु हो । क्रियापदका अभावमा पनि क्रियेतर वाक्यले पूर्ण वाक्यसरह कार्य गर्नुमा एक अद्‌भुत महत्ता पाइन्छ । भाषा परिवर्तनशील भएकाले यसका अवयवमा पनि स्वाभाविक हेरफेर हुन्छ नै । भाषाले अभिव्यक्तिगत सहजता खोज्ने हुँदा वाक्यका संरचनात्मक स्वरूपमा ध्वनि तथा शब्दको लोप/आगम कुनै शब्दमाथि दिइने अतिरिक्त बल/जोड, वक्ता वा स्रष्टाको भाषिक अभिव्यक्तिमा देखिने कलात्मक वैचित्र्य, शैलीगत नवीनता, पदविचलन जस्ता कुराहरूले क्रियेतर वाक्यको महत्त्व बढेको छ । सांस्कृतिक सञ्चरण तथा प्रविधिको विकासले त झनै क्रियेतर वाक्यको दायरा फराकिलो भएको छ । क्रियेतर वाक्यका विशेषतालाई निम्न बुँदाका सहारामा खुलस्त पार्न सकिन्छ :-

### ३.२.१ आख्यातविहीनता

क्रियेतर वाक्यको मुख्य विशेषता नै वाक्यमा समापिका क्रियापद/आख्यातको उपस्थिति नहुनु हो । कथ्य तथा लेख्य दुवै भाषिक अभिव्यक्तिका संरचनामा क्रियापदको लोप हुँदा पनि पूर्णात्मक भनाइ प्रदान गर्न सक्नु यस्ता वाक्यको मौलिक चिनारी हो । भाषाका व्याकरणले वाक्यमा समापिका क्रियापदको आवश्यकता सकार्दछ । विधेय खण्डमा आउने यस्ता क्रियापद वाक्यका महत्त्वपूर्ण अङ्ग मानिन्छन् । कुनै आशयलाई पूर्णता दिन क्रियापदको उपस्थिति सराहनीय ठानिन्छ । क्रियेतर वाक्यमा भने वाक्यका विधेय खण्डमा आउने/रहने समापिका क्रियापदको अभाव हुन्छ तर आशय भने पूर्ण हुन्छ । समापिका क्रियापदविहीन भएर पनि दृष्टान्तका रूपमा प्रस्तुत तलका काव्यांशले व्याकरणसम्मत अर्थपूर्ण अभिव्यक्ति प्रदान गर्न सक्षम छन् :-

समीरको खेल खुला वरिपरि
अनन्त आकाश निलो शिरोपरि ।

(लक्ष्मीप्रसाद देवकोटा, गरिब)

यता माथि नीलो गगन, तल विस्तीर्ण धरणी
उता शैलश्रेणी, उभयतिर त्यो दीर्घ सरणी ।

(लेखनाथ पौड्याल, तरूण तपसी:२५)

### ३.२.२ सूक्तिमय

क्रियेतर वाक्यमा सूक्तिमय अभिलक्षण पाइन्छ । मितव्ययी शब्दको विचित्र प्रयोगले यस्ता वाक्यमा सूत्रात्मकताको गुण पनि पाउन सकिन्छ । थोरै शब्दहरूको योगबाट सिर्जित क्रियेतर वाक्यहरूमा व्यापक अर्थ द्योतन सामर्थ्य रहेको हुन्छ । यस्ता वाक्य गणितीय सूत्रजस्तै हुन्छन् । उक्ति तथा उखानमूलक क्रियेतर वाक्यमा सूक्तिमय विशेषता अधिक पाउन सकिन्छ । अन्य वाक्यमा पनि यो अभिलक्षण भेटिन्छ ।

बाँदरको पुच्छर, लौरो न हतियार । (उखान)

म पुतलीजस्ती सानी ।

हजार शिर, हजार हात, हजार पाउ हे,

परन्तु यौटै मूर्तिमा विराट् नेपाली नाउँ हे ।

(माधवप्रसाद घिमिरे, परन्तु यौटै मूर्तिमा विराट्)

### ३.२.३ रागात्मकता/आलङ्कारिकता

क्रियेतर वाक्य श्रुतिमाधुर्य हुन्छन् । यस्ता वाक्यमा एक किसिमको लय पाउन सकिन्छ । पठन वा श्रवणबाट साङ्गीतिक झङ्कारको आभास हुन्छ । कलात्मक भाषिक अभिव्यक्तिको चामत्कारिक संयोजन हुने यस्ता वाक्यमा आलङ्कारिकता पनि पाउन सकिन्छ । सौन्दर्य सौरभले परिपूर्ण सुमनजस्ता सुन्दर अभिव्यक्ति क्रियेतर वाक्यमा भेटिन्छ :-

मकैको पीठो पिरती मीठो बैंसको बेलामा
गुराँस छाया अव्यक्त माया बुढ्यौली बेलामा ।

(नारायणप्रसाद पोखरेल, अमर गाथा : ८४)

तिम्री सखी पवित्रा । एकदमै पवित्र पवित्रा ।

(अमर न्यौपाने, सेतो धरती )

### ३.२.४ सङ्क्षिप्तता :

थोरै शब्दबाट विस्तृत विचार दिनसक्ने क्रियेतर वाक्यको विशेषता नै हो । शब्दको मितव्ययी प्रयोग, कलात्मक शैली, शाब्दिक वैचित्र्यजस्ता गुणले क्रियेतर वाक्यलाई सङ्क्षिप्त तर सारगर्भित बनाएका हुन्छन् । एउटै सार्थक अक्षरबाट पनि अभिव्यक्तिगत पूर्णता पाउन सक्नुले यस्ता वाक्यमा सङ्क्षिप्तताको बेजोड नमुना भेट्टाउन सकिन्छ :-

ग्राम्य गानले पवित्र ।
ओठसाथ शुद्ध भित्र ।

(लक्ष्मीप्रसाद देवकोटा, शाकुन्तल : २५२)

को त्यो ?

................

..............

होटलमा रे ?

.................

.................

अहँ ।

(भीमनिधि तिवारी, घरको माया )

**३.२.५ लयात्मकता**

क्रियेतर वाक्यमा शैलीगत माधुर्य पाउन सकिन्छ। पदविचलन, अनुप्रासको स्वाभाविक उपस्थिति, अलङ्कार, सरल-सुललित शब्द संयोजनजस्ता कुराहरूले क्रियेतर वाक्यलाई लयात्मक बनाउँदछन् । शैलीगत माधुर्यले यस्ता वाक्यलाई विशिष्ट किसिमको लयमा ढाल्न सकिन्छ । गद्य होस् वा पद्य दुवै किसिमका भाषिक अभिव्यक्तिमा लयको मधुर लहर क्रियेतर वाक्यमा पाउन सकिन्छ ।

मर्करी भन्ने देवका पूत हास्यका वदन,
ठट्यौला साह्रै लीलाका चतुर, चतुर भ्रमण ।

(लक्ष्मीप्रसाद देवकोटा, सृजामाता)

प्रेम निस्सार, जन्म निरर्थक मेरा निम्ति ।

(पारिजात, शिरीषको फूल : २३)

**३.२.६ भाषिक सौन्दर्य**

सुन्दर अभिव्यक्ति भाषिक सौन्दर्यका नमुना मानिन्छन् । स्रष्टाको सिर्जना होस् वा वाक् निपुण व्यक्तिको कथन यदि कलात्मक अभिव्यक्ति छ भने पठन वा श्रवणमा भावकको अनुराग बढी हुन्छ। शब्दहरूको जादुमय उपस्थिति भएका क्रियेतर वाक्यमा भाषिक सौन्दर्यले अभिव्यक्तिलाई अङ्ग र अङ्गी दुवै रूपमा सुन्दर बनाएका हुन्छन् । यस्ता वाक्यमा भाषिक सौन्दर्य प्रबल हुन्छ। भाषिक सौन्दर्य पनि क्रियेतर वाक्यका गहना नै हुन् ।

डाँडा र काँडा, उकाला ठाडा, जङ्घार हजार,

भोटको बाटो ढुङ्गा र माटो, नङ्गा र उजार ।

(लक्ष्मीप्रसाद देवकोटा, मुनामदन : ६)

त्यस्तै परेको भनेको के नि ?

(भीमनिधि तिवारी, घरको माया)

### ३.२.७ प्रभावकारिता

क्रियेतर वाक्यमा प्रभावकारी गुण विद्यमान हुन्छ । यस्ता वाक्यको श्रवण तथा पठनबाट भावकलाई विशेष प्रकारको प्रभाव पर्न सक्छ । पाठक वा श्रोता मानसिक तथा शारीरिक रूपमा उद्वेलित हुन सक्छY विस्मयमा पर्न सक्छY ऊ विरेचित पनि हुन सक्छ । विज्ञापनीय भाषा, समाचारीय शीर्षक वा भाषा, हर्ष-विस्मात्, उखान तथा अन्य कुनै पनि प्रकारका क्रियेतर वाक्यका अभिव्यक्तिले पाठक/श्रोतालाई प्रभाव छोड्न सक्छन्Y प्रभावित पार्न सक्छन् ।

लोकतन्त्र - जिन्दावाद !

### ३.२.८ काव्यात्मकता

काव्यका लागि आवश्यक सम्पूर्ण पूर्वाधारहरू_क्रियेतर वाक्यमा निहित हुन्छन् । काव्यात्मक अभिलक्षणका वाक्यहरू_क्रियेतर वाक्यमा प्रशस्त पाउन सकिन्छ । माधुर्य, सरलता, सुललितता, सौन्दर्य, अलङ्कार, प्रतीक, बिम्बजस्ता काव्यका लागि अपेक्षित कुराहरू क्रियेतर वाक्यमा भेटिन्छन् । यस्ता वाक्यमा काव्य गुणका विशेषता आच्छादित हुन्छन् ।

को आर्य, मङ्गोल र को किराँती

हामी सबैको अब एक जाति । (सिद्धिचरण श्रेष्ठ, नेपाल)

आनन्दमयी आमाको आँगन ।

(रूपनारायण सिंह, भ्रमर)

### ३.२.९ प्रतीकात्मकता/बिम्बात्मकता

क्रियेतर वाक्यमा प्रतीक तथा बिम्बको सुन्दर संयोजन पाइन्छ । प्रतीक/बिम्बले क्रियेतर वाक्यको ओज बढाएको हुन्छ । सटीक प्रकृतिका यस्ता क्रियेतर वाक्यले प्रतीक/बिम्बको सहारा लिई अभिव्यक्तिमा थप सार्थकता दिलाएका हुन्छन् । प्रतीक/बिम्बको उपस्थितिले यस्ता वाक्यको गरिमा उँचो बनाएका हुन्छन् ।

शीतल पानी हरिया पात, हिउँका टाकुरा,
शिरीष फूल फुलेको सेतो, रूखका आँकुरा ।

(लक्ष्मीप्रसाद देवकोटा, मुनामदन : ६)

एउटा ओसिलो ठाउँ, हिमाली चिसो हावा, हरियो बगेको पानी, पार्थक्यको कत्रो अभिशाप !

(पारिजात, शिरीषको फूल : ४९)

## ३.३ क्रियेतर वाक्यको महत्त्व

व्यापक विषयवस्तु, विस्तृत घटना समाविष्ट भएका महाकाव्य, उपन्यास आदिका सम्पूर्ण कुराहरू हुबहु स्मरण गर्न पाठक/ श्रोतालाई दुःसाध्य हुन्छ । कृतिका मुख्य-मुख्य घटना वा विषयवस्तु मात्र याद हुन्छन् । यस्ता कृतिका मूल कुराहरू सम्झिनका लागि पाठक/श्रोताले टिपोट गर्दछन् । टिपोट गर्दा क्रियेतररूपी वाक्यको प्रयोग बढीभन्दा बढी हुने गर्दछ । कक्षामा शिक्षकले शिक्षण गरेको विषयवस्तु, नेताले गरेको भाषण, धर्मगुरुको प्रवचन पनि स्मरणमा ज्युँका त्युँ राख्न सकिँदैन । यस्ता कुराको मूल आशय टिपोट गर्दा पनि क्रियेतर वाक्य उपयोगी साबित हुन्छ । समग्रमा भन्दा लामा-लामा विषयवस्तु वा घटनाका सारभूत कुराहरू टिपनका लागि विद्यार्थी, पत्रकार वा अन्य जो कसैलाई पनि क्रियेतर वाक्यको सहारा लिनु उचित नै देखिन्छ ।

लिखित भाषामा मात्र हैन कथ्य/बोलीचालीको भाषामा पनि क्रियेतर वाक्यको प्रयोग उल्लेखनीय रूपमा भएको पाइन्छ । मानिसहरू एक आपसमा कुराकानी गर्दा क्रियेतररूपी वाक्यको प्रयोग प्रशस्त गर्दछन् । आफ्ना विचारहरूलाई रागात्मक, सूत्रात्मक, वैचित्र्यपूर्ण बनाएर प्रस्तुत गर्ने मनसाय मानिसहरूको हुन्छ । यसो गर्दा कथनमा क्रियेतर वाक्यहरूको प्रयुक्ति हुन्छ । अभिव्यक्ति प्रभावकारी बन्दछ । सर्जकहरू नवीन शैलीको खोजी गर्छन । नवीन शैली निर्माणमा क्रियेतर वाक्यले सर्जकलाई साथ दिन्छन् । स्रष्टाको सिर्जनामा यस्ता वाक्यको प्रयोग हिजोआज बढ्दो छ । कुनै व्यक्ति वा वस्तुलाई प्रतीकका रूपमा प्रस्तुत गर्दा वा बिम्बको उपस्थापन गर्दा क्रियेतर वाक्यको संरचना सान्दर्भिक हुन्छ । अभिव्यक्तिलाई यस्ता

वाक्यले जीवन्त बनाउँछन् । एउटा उदाहरण हेरौँ :- धोतीमाथि लामु लबेदा, लबेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, ललाटमा चन्दन (गुरुप्रसाद मैनाली, कर्तव्य) । कुनै व्यक्तिको पहिरन विशेषमाथि प्रस्तुत गरिएको यस क्रियेतररूपी वाक्यमा उनिएको बिम्बात्मक अभिव्यक्तिले पाठकको मानसपटलमा एउटा मानिसको वास्तविक तस्बिर उभ्याइदिएको छY कथन जीवन्त भएको छ । यसर्थ प्रतीक/बिम्बको सजीव चित्रण गर्न क्रियेतर वाक्यको महत्त्व बढी छ । सर्जकको सिर्जनशील सीप अभिवृद्धि र प्रभावकारी नाट्य संवादका लागि त झनै क्रियेतर वाक्यको उपयोगिता अपेक्षित छ । क्रियेतर वाक्यको महत्त्वलाई निम्न बुँदाका आधारमा विश्लेषण गर्न सकिन्छ :-

### ३.३.१ सटीकता

वक्ताहरूले कुनै सभा-समारोहमा आफ्नो विस्तृत विचार प्रस्तुतिका लागि सारभूत कुराहरूको बुँदागत टिपोट बनाउने गर्दछन् । तिनै बुँदाहरूका पेरिफेरीमा आफ्नो विचारलाई पूर्णात्मक वाक्यहरूको श्रृङ्खला उन्दै व्यापक भाषिक अभिव्यक्ति दिन्छन् । कक्षामा गुरुले, सभा-समारोहमा नेता/वक्ताले, प्रवचनका रूपमा धर्मगुरु आदिले टिपोट गरेका बुँदाका आधारमा आफ्ना विचार प्रस्तुत गरेका उदाहरण हामी पाउन सक्छौँ । उनीहरूले यस्ता बुँदामा क्रियेतर वाक्यको सहारा लिएका हुन्छन् । पत्रकारहरूले समाचार संकलन गर्दा, लेखनपूर्व लेखकले विषयवस्तुको खाका बनाउँदा प्रयोग हुने वाक्य प्रायः क्रियेतर वाक्य नै हुन्छन् । सटीकता, सहजता, सङ्क्षिप्तताका लागि क्रियेतर वाक्यको उपयोग गरिन्छ । कथ्य-लेख्य रूपमा प्रयोग हुने उखान-टुक्का, प्रभावकारी सूचना सम्प्रेषणका निम्ति लेखिने समाचारीय शीर्षक, सर्वसाधरणलाई सचेतता तथा जानकारी दिन प्रस्तुत गरिने विज्ञापनीय भाषा सटीक हुन वाञ्छनीय हुन्छ त्यसैले यस्ता प्रकृतिका अभिव्यक्तिमा क्रियेतर वाक्यकै छनोटलाई प्राथमिकतामा राखिन्छ । संवेगात्मक भाव प्रकटका लागि पनि क्रियेतर वाक्य प्रयोगसिद्ध हुन्छ । बुँदालाई आधार मानेर लेखिने कथा, जीवनी, निबन्ध, संवाद आदिका प्रश्नहरू निर्माण गर्दा पनि क्रियेतररूपी वाक्यको सहयोग लिइन्छ ।

### ३.३.२ नवीन शैली निर्माण

सुन्दर भाषिक रचनामा शब्दहरूको विचित्र लीला हुन्छ । कुशल वक्ताका अभिव्यक्तिमा पनि शाब्दिक संयोजन कलात्मक किसिमको हुन्छ । लिखित होस् वा मौखिक मानिसहरू आफ्नो अभिव्यक्तिमा सरसता दिन चाहन्छन् । सर्जकका सिर्जनामा भाषिक सौन्दर्य अन्तरनिहित हुन्छ । सर्जकहरू आफ्नो लेखनमा नयाँ रूप दिन्छन् । नवीन शैलीको खोजी गर्ने स्रष्टाको आफ्नै निजी शैलीका निम्ति यस्ता वाक्यले महत्त्वपूर्ण योगदान दिएका हुन्छन् ।

### ३.३.३ प्रतीक/बिम्ब उपस्थापन

प्रतीक-बिम्बको प्रयोगले भाषालाई सजीवता दिन्छ । दुर्बोध्य विषय पनि प्रतीक-बिम्बको प्रयोगपछि सरल बन्दछ । कथनलाई सशक्त बनाउन स्रष्टा/वक्ताले प्रतीक-बिम्बयुक्त वाक्य निर्माण गर्दछन् । यस्ता वाक्यहरू पठन/श्रवणबाट भावकले आनन्दानुभूति प्राप्त गर्दछन् । विशेषतः स्रष्टाहरूले कुनै व्यक्ति वा वस्तुका बारेमा वर्णन गर्न होस् या त कथनलाई दृश्यात्मकता बनाउन क्रियेतर वाक्यको प्रयोग अधिक गर्दछन् । क्रियेतर वाक्यले प्रतीक/बिम्ब उपस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् । प्रतीकात्मकता/बिम्बात्मकताका लागि पूर्णात्मक वाक्यका तुलनामा क्रियेतर वाक्य उत्तम देखिन्छन् ।

### ३.३.४ प्रभावकारी सूचना

अखबारहरूले पाठकको ध्यान खिच्न र आफूले दिएको सूचनालाई प्रभावकारी बनाउन आर्कषक भाषाको प्रयोग गरेका हुन्छन् । विषयवस्तुको सारलाई समेट्ने किसिमको समाचारीय शीर्षक छनोट गरिएको हुन्छ । यस्तो शीर्षक वैचित्र्यले भरिएको हुन्छ । पाठकलाई तुरुन्तै प्रभाव पार्न सक्छ । हरेक समाचारपत्रले यस किसिमका शीर्षक छनोटलाई प्राथमिकतामा राख्दछन् । समाचारीय शीर्षकका साथसाथै विज्ञापनीय भाषामा पनि क्रियेतर वाक्यहरू उपयोगी हुन्छन् । सम्प्रेषणमा सहज तथा कम खर्चिलो होस् भन्ने अभिप्रायले तयार पारिएको विज्ञापनीय भाषामा क्रियेतररूपी वाक्यको अधिक प्रयोग हुन्छ । रेडियो, टेलिभिजन, छापापत्रिका आदिमा सुनिनेपढिने विज्ञापनमा यस किसिमका वाक्यलाई आकर्षक रूपमा प्रस्तुत गरिएको हुन्छ । प्रभावकारी सूचना सम्प्रेषणका लागि क्रियेतर वाक्यको उपादेयता बढी हुन्छ ।

### ३.३.५ अभिव्यक्तिगत सौन्दर्य

स्रष्टा/वक्ताले आफ्नो भाषिक अभिव्यक्तिलाई के-कसरी सुन्दर बनाउन सकिन्छ भन्ने कुरामा जोड दिएका हुन्छन् । अभिव्यक्ति निखारका लागि स्रष्टा/वक्ताले कथनमा रागात्मकता/अलङ्कारिकताको खोजी गर्दछन् । क्रियेतर वाक्यले अभिव्यक्तिगत सौन्दर्यका लागि टेवा पुऱ्याउँछ । सर्जकको सिर्जनामा त भाषिक सौन्दर्यको सन्तुलित संयोजन हुन्छ नै यसका अलवा बोलीचालीको कथ्यपरक भाषिक अभिव्यक्तिमा पनि सुन्दर कथनका वाक्यहरू वक्ताले उपयोगमा ल्याएका हुन्छन् । अभिव्यक्तिलाई साहित्यिक रूप दिन र भाषिक सौन्दर्य प्रदान गर्न क्रियेतर वाक्यले धेरथोर सहयोग पुऱ्याएका हुन्छन् । साहित्यका सबै विधामा क्रियेतर वाक्यको सम्मानजनक उपस्थिति भएको पाइन्छ । अभिव्यक्तिलाई गरिमामय बनाउन क्रियेतर वाक्यको आवश्यकता स्रष्टा/वक्तालाई खाँचो पर्छ ।

### ३.३.६ मानसिक संवेग

मानिस कहिले खुसी हुन्छYकहिले दुःखी हुन्छ । कहिले लजाउँछ त कहिले उद्धेलित पनि हुन्छ । यस्तो मानसिक संवेगका अवस्थामा मानिसले क्रियेतररूपी वाक्यको प्रयोग बढी गर्छ । आगाले पोल्दा ‘आत्था’ भन्छ । चिसो/जाडो हुँदा ‘आच्छु’ भन्छ । यस अवस्थामा विस्मयमूलक शब्दको प्रयोग हुन्छ । प्रायः विस्मयजनित शब्दहरू क्रियेतर वाक्यकै रूपमा कथ्य-लेख्य भाषामा प्रयुक्त हुन्छन् । आपत्कालीन अवस्था, घबराहटको स्थिति आदिमा मानिसहरू विस्मयरूपी क्रियेतर वाक्यको सहारा लिन पुग्छन् । हारगुहार माग्दा प्रयोग हुने ‘गुहार !’ शब्द, चोर लखेट्दा भनिने ‘चोर ! चोर !!’ शब्द क्रियेतर वाक्यकै नमुना हुन् । हतारका बेलामा वक्ताले पूर्णात्मक वाक्यको प्रयोग गर्दैन । यसर्थ यस्तो अवस्थामा क्रियेतर वाक्यकै सहयोग लिनुपर्ने हुन्छ ।

# परिच्छेद चार : क्रियेतर वाक्यको अध्ययन

## ४.१ क्रियेतर वाक्यको सङ्क्षिप्त अध्ययन

मानव जातिले भाषाको प्रयोग गर्न थालेदेखि नै क्रियेतर वाक्य अस्तित्वमा आएको थियो भन्नुमा अतिशयोक्ति नहोला । कथ्य तथा लेख्य दुवै भाषामा क्रियेतर वाक्यको प्राचीन रूप पाउन सकिन्छ । वैदिक सूत्रहरूमा समापिका क्रियापदविहीन थुप्रै क्रियेतर वाक्यहरू पाइन्छन् । संसारका कयौँ भाषामा क्रियेतर वाक्यका प्रारूप भेटिन्छन् । अन्य भाषाका तुलनामा संस्कृत, रूसी, हिब्रु, बङ्गला भाषामा त झनै बढी यस्ता वाक्यहरूको संरचना पाउन सकिन्छ । सहायक क्रियाको प्रयोग नभएका संस्कृत, रूसी र बङ्गाल भाषाका वाक्यलाई उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएको छ :-

संस्कृत| इदं मम पुस्तकम् । (यो मेरो पुस्तक हो ।)

रूसी| एता मया क्नीगा । (यो मेरो पुस्तक हो ।)

बङ्गाल| एइ आमार बइ । (यो मेरो पुस्तक हो ।)

(आचार्य देवेन्द्रनाथ शर्मा र दीप्ति शर्मा, भाषाविज्ञान की भूमिका : २०१०)

माथिका वाक्यमा सहायक क्रियाविना पनि अर्थपूर्ण वाक्य निर्माण भएको छ तर अङ्ग्रेजी, हिन्दी, नेपालीजस्ता भाषामा भने यस्ता वाक्यको लागि सहायक क्रियाको प्रयोग अनिवार्य हुन्छ । (यो शोध भने सहायक क्रिया र समापिका क्रिया दुवै नभएका वाक्यका अध्ययनमा केन्द्रित छ ।)

मूलत : क्रियेतर वाक्य सरलता, सरसता, सङ्क्षिप्तता, आलङ्कारिताका लागि भाषामा अधिक प्रयोग भएका हुन्छन् । कतिपय अवस्थामा मानिसले डर, धक, घबराहटको स्थिति, रेडियो/टेलिभिजन आदिमा प्रत्यक्ष प्रसारण गर्दा, परिस्थितिको गम्भीरता बताएर सम्भावित खतराबाट सचेत गराउनका लागि क्रियेतर वाक्यको प्रयोग गरेको पाइन्छ । कथनात्मक, प्रश्नात्मक-उत्तरात्मक, विस्मयादिबोधक, निपातमूलक, सम्बोधनमूलक वाक्यमा यस्ता वाक्यको उल्लेखनीय उपस्थिति हुन्छ । उखान, उद्गार, समाचारीय शीर्षक, विज्ञापनीय भाषा, काव्यभाषामा भने क्रियेतर वाक्यको प्रयोग अधिकाधिक भएको पाइन्छ । कनै वस्तुको रूप, रङ्ग, अवस्था आदिको चित्रण गर्न, कुनै व्यक्तिको व्यक्तित्त्व वर्णन गर्न, रचनामा प्रतीक-बिम्बको उपस्थापनका लागि स्रष्टाहरूले क्रियेतर वाक्यको सुन्दर प्रयोग गरेका हुन्छन् ।

संस्कृत, अङ्ग्रेजी, हिन्दी तथा नेपाली भाषामा स्रष्टाहरूले क्रियेतर वाक्यहरूलाई के-कसरी आफ्ना रचनामा समाविष्ट गरेर शैलीगत सौन्दर्य प्रस्तुत गरेका छन् साथै कथ्य रूपमा के-कसरी यस्ता वाक्य प्रयुक्त भएका छन् भन्ने कुराको खोलुवाका लागि तल केही स्रष्टाका केही मात्र क्रियेतर वाक्य तथा बोलीचालीका केही क्रियेतररूपी वाक्य नमुनाका लागि प्रस्तुत गरिएको छ : -

### ४.१.१ लेख्यपरक संस्कृत भाषा

अथातो ब्रह्मजिज्ञासा ॥

जन्माद्यस्य यतः ॥

शास्त्रयोनित्वात् ॥

तत्तु समन्वयात् ॥

(वेदव्यासद्वारा रचित बह्मसूत्र, अध्याय १।१।१-४)

वृद्धिरादैच्       १।१।१

(पाणिनि, अष्टाध्यायीको पहिलो सूत्र)

द्यौ : शान्तिरन्तरिक्षं शान्ति : पृथिवीशान्तिराप : शान्तिरोषधय : शान्ति : ।

(रूद्राष्टाध्याय, स्वस्तिपाठ :, १२ औँ मन्त्र)

धान्यं धनं पशुं बहुपुत्रलाभं शतसंवत्सरं दीर्घमायु : ।

(श्रीसूक्त, १६ औँ मन्त्र)

ऐश्वर्य यत्प्रसादेन सौभाग्यारोग्य सम्पद : ।  (कीलकस्त्रोत, १४ औँ श्लोक)

### ४.१.२ कथ्यपरक संस्कृत भाषा

कौमुतिक न्यायः ।

स्थूलारुन्धती न्याय : ।

शाखाचन्द्र न्यायः ।

अहो सौन्दर्यम् ।

अतीव रमणीयम् ।

मनोहरमेतत् !

हरे राम !

किं आश्चर्यं अतः परम् ।

तत्र अपि ।

स्वच्छं शीतलं च चन्द्रमसम् ।

सुस्वागतम् !

तव नाम किम् ?

-हरिः ।

भगवतो महिमा ।

दूरस्था भूधरा रम्या ।

किमु वक्तव्यम् ।

गौ सेवा ।

### ४.१.३ लेख्यपरक अङ्ग्रेजी भाषा

"Fascinating race, the weeping Angles."

(The Doctor in "Blink", Doctor who, 2007)

"Waiter ! raw beef- steak for the gentleman's eye- nothing like raw beefsteak for a bruise, sir, cold Lamp- post very good, but Lamp- post inconvenient."

(Alfred Jingle in The pick wick papers by Charles Dickens, 1837)

"Smashed wheels of wagons and buggies, tangles of rusty barbed wire, the collapsed perambulator that the French wife of one of the town's doctors had once pushed proudly up the planked sidewalks and along the ditch-bank paths. A welter of foul-smelling feathers and coyote- scattered carrion which was all that remained of somebody's dream of a chicken ranch." (Wallace stegner, Wolf willow, 1962)

*Smashed, Collapsed* जस्ता शब्दले माथिका वाक्यमा विशेषणको कार्य गरेका छन् । यिनीहरूले समापिका क्रियाको कार्य वाक्यमा गरेका छैनन् ।

"A white hat, A white embroidered parasol Blank shoes with buckles glistening like the dust in the black smith's shop. A silver mesh bag. A silver calling- card case on a little chain."

(Elizabeth Bishop, "In the village."The New Yorker, Dec. 19,1953)

Z Polly ! Polly !

Z Yes, Mamma?

(James Joyce, The Boarding House)

A pine forest in the midafternoon.

(Robert coover, The Gingerbread House)

The wind so wild,
The heavenly child,"

(Jacob and Wilhelm Grimm, Hansel and Gretel)

Above the hills, along the blue,
Round the bright air with footing true.

(Robert Luis Stevenson, Summer Sun)

A whiskey-bottle under his arm.

……………………………

My father and my son on the same tack-knife!

(William Butter yeats, Purgatory)

### ४.१.४ कथ्यपरक अङ्ग्रेजी भाषा

Hello.
Pretty well.
Thanks.
Good morning.
Fine.
How about you ?
Nothing much.
Sure.
All of you/them.
Good bye.
Very well.
A drop in the ocean.
Tit for tat.
Like father, like son.

### ४.१.५ लेख्यपरक हिन्दी भाषा

जाडे का दिन । अमावस्या की रात- ठंडी और काली । ------------------------- --------------------------------------------- पुरानी और उजडी बाँस - फूस की झोंपडियों में अंधकार और सन्नाटे का सम्मिलित साम्राज्य अँधेरा और निस्तब्धता !

(फणीश्वर नाथ रेणु, पहलवान की ढोलक)

किसबी, किसान-कुल, बनिक, भिखारी, भाट,
चाकर, चपल नट, चोर चार, चेटकी ।
...........................
............................
............................
खेती न किसान को, भिखारी को न भीख बली
बनिक को बनिज, न चाकर को चाकरी ।

(गोस्वामी तुलसीदास, कवितावली)

आज के दौर
अपने यहां
संवेदना का यही सूचक
............................
...........................
...........................
यही एक अंक
जिसकी अभी चिंता
सरकार को
बाजार को
एक-दूसारे की फिक्र के

(प्रेम रंजन अनिमेष, संवेदी सूचकांक)

### ४.१.६ कथ्यपरक हिन्दी भाषा

जेठ की जलती धूप ।

अच्छी वाली ।

शायद अगले साल ।

हाँ बेटी !

जी !

उस तरफ !

वाह रे मिट्टी के शेर !

वाह पट्ठे !

यह क्या ?

भोर का आकाश ।

साफ और ठंडी चाँदनी ।

दिमाग की बात ।

अरे बाबा !

मित्र की बात ठीक ।

जिस की लाठी उस की भैंस ।

### ४.१.७ नेपाली भाषा

नेपालको राष्ट्रभाषा नेपाली हो । यो भाषा सरकारी कामकाजको भाषा पनि हो । दोस्रो भाषी नेपालीले यसै भाषाका माध्यमबाट विचार विनिमय गर्दछन् अर्थात् यो भाषा सम्पर्क भाषा पनि हो । साहित्य र वाङ्मयमा नेपाली भाषा समृद्ध छ । साहित्यका सबै विधाका कृतिहरू नेपाली भाषामा प्रकाशित भएका छन् । ज्ञान-विज्ञानका विषयमा रचना गरिएका कृतिहरू पनि नेपाली भाषामा प्रकाशित भएका छन् । नेपालमा मात्र हैन भारत, भुटान, बर्मामा पनि नेपाली भाषीहरूको बसोवास छ । देश बाहिरबाट पनि नेपाली भाषामा साहित्यिक कृति तथा पत्रपत्रिकाहरू प्रकाशित भएका छन् । नेपाली भाषामा प्रकाशित भएका लेख्यपरक केही साहित्यिक कृति, पत्रपत्रिका, विज्ञापन, उखान आदिमा समाविष्ट क्रियेतर वाक्यहरूलाई नमुनाका लागि मात्र यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१.७.१ साहित्यिक विधा

नेपाली भाषामा महाकाव्य, खण्डकाव्य, कविता, उपन्यास, कथा, नाटक, निबन्ध आदि सबै विधाका रचनाहरू प्रकाशित भएका छन् । स्रष्टाले आफ्ना सिर्जनामा क्रियेतर वाक्यहरूको रचना कौशललाई पनि यथेष्ट प्रयोग गरेको पाइन्छ । क्रियाविहीन भएर पनि भावसौन्दर्य, संरचनात्मक सौन्दर्यलाई क्रियेतर वाक्यले नबिटुल्याउने रहेछ भन्ने कुरा तल प्रस्तुत गरिएका स्रष्टाका सिर्जनाबाट स्पष्ट हुन्छ । यो शोधको सीमाभित्र सबै कृतिमा समावेश गरिएका क्रियेतर वाक्य अध्ययन गर्ने कार्य नरहेकाले केही कृतिमा रहेका केही क्रियेतर वाक्य मात्र यहाँ दृष्टान्तका रूपमा प्रस्तुत गरिएको छ ।

रसिली कलिली प्रभामुखी ।

हँसिली वन्य कलि प्रवातमा ॥

मृदलताकन कष्ट हार्दिक ।

गह भर्दै रसले कुनातक ॥

झट्ट त्यहाँ स्निग्घ पशु ।

बालक त्यो मञ्जु शिशु ॥

(लक्ष्मीप्रसाद देवकोटा, शाकुन्तल)

नन्दन वन यो, नन्दन वन यो

परमेश्वरको रचना,

बालकपनको स्वच्छ सरसता

सिंचित यसैका धनमा ।

हरियो-भरियो नन्दन वन यो

फलले फूलले शोभन,

शतदल-नर्त्तन, कोकिल-कूञ्जन

प्रेम-ध्वनित मधुगुञ्जन ।

शावक दलको चञ्चल धावन

शान्ति-परीको मन्त्रण,

ताजपनको कति-कति व्यञ्जन

मानसलाई भोजन ।

(सिद्धिचरण श्रेष्ठ, उर्वशी)

राजा साझा गैह्र प्रजाका हितकारी
सीधा साधा निर्भय आधार विचारी ।

आमा छाया, अमृत जहर ज्योति गाढान्धकार
मैत्री हिंसा, दिवस, रजनी, ज्ञान अज्ञान-भार ।

ऊँचो गगन अटाली
पर्वत ढिस्को समुद्र कासार ।

(सोमनाथ सिग्द्याल, आदर्श राघव)

धवल हिमालमा अनुपमा कवरी
चहक मनोरमा रमणमा विरही ।

स्निग्ध सलेदो शुभ्र प्रकाश
ज्योति कुमारी कान्ति सुवास ।

(पूर्णप्रकाश नेपाल 'यात्री', सिजापतिबाला)

सारगर्भित वचन यो
वीर ठाकुर -तनयको ।

(उमानाथ शास्त्री 'सिन्धुलीय', मकवानीबाला)

सूर्यको किरण तेज धारमा
वीरको सबल कान्ति सारमा ।

(डा. ओमवीरसिंह बस्न्यात, पृथ्वी)

अपोलो देव अनन्त युवक स्वर्गका विहारी,
समुद्र भवन सुवर्ण वीणा तेजले झंकारी ।

कल्पना राम्रा अक्षय सुन्दा शिवको राहमा
मानव दौलत मानव मिठास मानव चाहमा ।

(लक्ष्मीप्रसाद देवकोटा, सृजामाता)

उषा विद्युत, तारा पिक कनक छाँगो मधुकर
सुधा बेली विम्बी कुवतय हिमानी हिमकर ।
लता माछा मोति चकित हरिणी जून सरिता
चमेली वासन्ती सिमल कदली कुन्द सविता ।।

(बालकृष्ण सम, चिसो चूह्लो : १६७)

कडा जोशी, दोषी, तमक, हठ वा गर्व-गुरूवा
अहन्ताको आडम्बर, भडकिलो, दम्भ, कटुता ।

(लेखनाथ पौड्याल, तरूण तपसी : ६९)

सुर्का र सुर्की त्यो पाखोबारी पहाडी निशानी

हरियो वन नेपाली धन श्रमिक किसानी ।

(नारायणप्रसाद पोखरेल, अमर गाथा : ८४)

शीतल पानी, हरिया पात, हिउँका टाकुरा,

शिरीष फूल फुलेको सेतो, रूखका आँकुरा ।

कीचुको खोला, लिङ्कोरको दृश्य, अम्बानको महल,

यूतोक स्याम्पा, त्यो पुल राम्रो, त्यो ह्लासा झल्मल

(लक्ष्मीप्रसाद देवकोटा, मुनामदन)

त्यसपछि फेरि एक दिन ।

....................................

....................................

बेलुका पश्चिमतिर ढल्केको दिवाकर ।

..................................

...................................

मशुर मालासरी ।

...................................

दसैंताका ।

(रूपनारायण सिंह, भ्रमर)

"यहीँ पर गौरी घाटमा, फुपूकहाँ । "

.............................................

...........................................

कुलोमाथि चौतारो, कुलामुनि आशामरू साहूको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बैँसीको फाँट ।

...................................

"तेरो नाउँ के नि ?"

"सन्ते । "

.............................

.............................

"इनकलाब - जिन्दावाद । "

"वीर सहिद - जिन्दावाद । "

"वीर बहादुर - जिन्दावाद । "

(गुरुप्रसाद मैनाली, नासो)

उसको रूक्ष केश, चिम्लेको आँखा, नग्न देह ।

(विश्वेश्वरप्रसाद कोइराला, सान्नानी)

तिनीसँग मलाई केको डर ?

(बदरीनाथ भट्टराई, न्यायको पक्ष)

कुनै नौलो गाउँको बाटो छेउमा ।

.........................................

टाढाका नचिनेका आफन्त ।

.........................................

अप्ठ्यारो बाटो ।

...................................

गोलो ढुङ्गाामा ।

..................................

रमाइलो उत्सवजस्तो ।

.....................................

आफन्त र छिमेकीहरूको चहलपहल

.............................................

(अमर न्यौपाने, सेतो धरती)

जुनेली रात

.............................

कति सुन्दर कुरा ।

...............................

म एउटै सन्तान ।

...............................

नर्सिङ पेसामा सधैँको चटारो ।

...............................

नागार्जुन गुम्बाकी प्रमुख आनी ।

(शारदा शर्मा, ताप)

बतासे दिदी पनि ?

..................................

धामीको छोरो पोक्चे अब । गाउँभरको छट्टु त्यो ।

(भीमनिधि तिवारी, घरको माया)

### ४.१.७.२ उखान-टुक्का

उखान भाषाका गहना हुन् । लोकजीवनमा चलेका यस्ता उखानले भाषालाई समृद्ध बनाउँछन् । सारपूर्ण कथनका रूपमा प्रयोग हुने उखानले लाक्षणिक अर्थ दिन्छन् । भाषामा मिठास थप्दछन् । अभिव्यक्तिलाई सरल र सुस्पष्ट बनाउँछन् । नेपाली भाषाका कथ्य तथा लेख्य दुवै भेदमा उखानको प्रयोग अधिक छ । अधिकांश उखानमा क्रियेतर संरचना पाइन्छ । नेपाली लोकजीवनमा प्रचलित नेपाली भाषाका क्रियेतररूपी उखान-टुक्काका केही नमुना पुष्कर शम्शेरको 'नेपाली उखान-टुक्काको कोश' बाट प्रस्तुत गरिएका छन् :-

अँध्याराको काम, खोलाको गीत ।

अक्षतापाती धामीलाई आफ्नो बेथा आफैंलाई ।

अघिपछि अन्त, चैतमा जन्त ।

अभागीलाई कहीँ न कहीँ, भाग्यमानीलाई जहीँतहीँ ।

अरूको लाख, आमाको काख ।

अर्काको आस, नित्य उपवास ।

असारको केटो, मङ्सिरकी केटी ।

आँखा लोभी, मन पापी ।

आठ आनाको लेनदेन रूपियाँको खानपिन ।

आफ्नो घरको ढिँडो र गुन्द्रुक, अर्काको घरको खीर ।

आमाको काख, अरूको लाख ।

आमाबाबुको मन छोराछोरीमाथि, छोरीछोरीको मन ढुङ्गामाथि ।

इन्द्रको अगाडि स्वर्गको बयान ।

इन्द्रसँग वर्षाको कुरा ।

इलमीको भागमा माछा र मासु, अल्छीको आँखामा आँसु ।

उखानको बखान, बेइमानको के ठेगान ?

उत्तम खेती, मध्य बेपार, निर्घिनी चाकरी ।

उनिउँको हलोजुवा फट्ङयाङ्ग्राको गोरू ।

उपकारी सदा भिखारी ।

एउटा आँखो के आँखो, एउटा छोरो के छोरो ।

एक कान, दुई कान मैदान ।

एकचोटिको चोर सधैँको चोर ।

एक त खुर्सानी उसमाथि जिरे ।

एक पन्थ दो काज ।

एक वैद्य, सारा गाउँ रोगी ।

एकादशीको भोलिपल्टको माम र झरीका भोलिपल्टको घाम ।

कमिलाको नाक, गिद्धका आँखा ।

कलको बीउ कुरा ।

कसैलाई काखा, कसैलाई पाखा ।

कहिले काजी, कहिले पाजी ।

कहिले सासूको पालो, कहिले बुहारीको पालो ।

कानो गोरुलाई औँसी  न पूर्णे ।

कालभन्दा निहुँ ठूलो ।

काला अक्षर भैँसी बराबर ।

कि चपरीमुनिको सास, कि अमरावतीको वास ।

कि मुलुकीखाना, कि झ्यालखाना ।

किसानलाई कम्बल नै दोसल्ला ।

कुण्डकुण्ड पानी , मुण्डमुण्ड बुद्धि ।

कुन घरसार, कुन टकसार ।

कुन अदुवाको पात, कुन सुठाको पात ।

खाँडीको बिछ्यौनालाई मखमलको झुल ।

खेती न पाती, नौ मुरी तोरी ।

(पुष्करशमशेर, नेपाली उखान-टुक्काको कोश : २०५०)

### ४.१.७.३ विज्ञापनीय भाषा

प्राविधिक उन्नतिले सञ्चारको क्षेत्रमा युगान्तकारी कार्य गरेको छ । सूचना सम्प्रेषणमा प्रविधिको विकासले सहजता दिलाएको छ । मानिसहरू वस्तु तथा सेवालाई  सर्वसाधरणसम्म पुऱ्याउनका निम्ति विज्ञापनको सहारा लिन्छन् । रेडियो, टेलिभिजन इन्टरनेट, छापा पत्रपत्रिका तथा पोस्टरहरू विज्ञापनका माध्यम भएका छन् । उत्पादित वस्तु तथा सेवाको प्रचारप्रसारका लागि आवश्यक विज्ञापनीय भाषा लम्बाचौडाभन्दा छोटोछरितो भाषाको प्रयोग बढी प्रभावकारी र कम खर्चिलो हुन्छ । विज्ञापनको भाषालाई सटिक र सुस्पष्ट पार्न हिजोआज क्रियेतर वाक्यको  व्यापक प्रयोग गरिएको हुन्छ । क्रियेतर वाक्यको प्रयोग गरी पत्रपत्रिकामा छापिएका केही विज्ञापनका नमुनालाई जस्ताको त्यस्तै विश्वसनीयताका लागि परिशिष्टमा प्रस्तुत गरिएको छ । स्मरण रहोस् यी विज्ञापनमा वर्णविन्यास सम्बन्धी समस्या भने देखिएका छन् ।

### ४.१.७.४ समाचारीय शीर्षक

समाचारका अधिकांश शीर्षकहरू छोटाछरिता हुन्छन् । सरल हुनुका साथै चित्ताकर्षक पनि हुन्छन् । यस्ता वाक्यले पाठक तथा श्रोतालाई तुरून्तै प्रभाव पार्न सक्छन् । समाचारका शीर्षकमा बढीभन्दा बढी क्रियेतर वाक्यहरूको प्रयोग गरिएको हुन्छ । यस्ता वाक्यहरूले समाचारको सारलाई खिचेका हुन्छन् । क्रियेतर वाक्य प्रयोग भएका केही समाचारीय शीर्षकहरू नमुनाका लागि तल प्रस्तुत गरिएका छन् :-

राउटे महिलाको बिचल्ली (पृ:१३)

दनुवार बस्तीमा स्कुल छाउन समस्या (पृ:१३)

प्रशासनबाट कागजपत्र गायब (पृ:५)

(वर्ष २० अङ्क ३२७, ३ माघ २०६९ बुधबार, कान्तिपुर)

सरकार भ्रष्टाचारमा चुर्लुम्म : कोइराला

दाहाल नेताको पनि नेता

फुटपाथ व्यवसायी आन्दोलित

(वर्ष २० अङ्क : ३४९, माघ २५ गते बिहीवार, कान्तिपुर)

दण्डहीनताको देश

हत्यादेखि हत्कडीसम्म

एकताको माघे सङ्क्रान्ति

कसरामा फिरन्ते पिरती

धूपीजस्तै तोया

फेसबुककी केटी/फेसबुकका केटा

(वर्ष ४, अङ्क २५६, पुस, २८ गते शनिवार, नागरिक दैनिक)

**४.१.७.५ सम्बोधन/अभिवादन**

संघ सस्थाको वैठकमा बोल्दा, सभा -समारोहमा प्रवचन दिँदा वा प्रतियोगितात्मक रूपमा आयोजित वक्तृता, वादविवाद जस्ता कार्यक्रममा वक्ताले कार्यक्रमका सभापति, अतिथि, निर्णायक मण्डल आदिलाई संवोधन गर्ने चलन छ । यस्ता संम्बोधनमा वक्ताले क्रियेतर वाक्यको नै प्रयोग गर्दछन् । चिठीमा प्रापकलाई सम्बोधन गरिन्छ । यस्ता चिठीमा सम्बोधनपछि अभिवादन गर्ने परम्परा पनि छ । चिठीमा प्रयुक्त सम्बोधन तथा अभिवादनमा क्रियेतर वाक्यको प्रारूप पाइन्छ । रेडियो, टेलिभिजनका समाचारवाचक/प्रस्तोता आदिले दर्शक-श्रोतालाई सम्बोधन र अभिवादन गर्दछन् । इमेल गर्दा वा टेलिफोनमा कुराकानी गर्दा पनि क्रियेतररूपी वाक्यको प्रयोग हुने गर्दछ ।

उदाहरण :-

श्रीमान् सभापति,

प्रमुख अतिथि,

उपस्थित भद्रभलाद्मी !

(प्रवचन/भाषण/बैठक आदिमा गरिने सम्बोधनको नमुना)

श्रीमान् सभापति,

निर्णायक मण्डल,

गुरुवर्ग तथा

प्यारा साथीहरू !

(वक्तृता, वादविवाद जस्ता कार्यक्रममा गरिने सम्बोधनको नमुना)

पूजनीय माता (सम्बोधन)

साष्टाङ्गदण्डवत् ! (अभिवादन)

श्रीमान् जिल्ला शिक्षा अधिकारी (सम्बोधन)

जिल्ला शिक्षा कार्यालय,

बगर, कास्की

श्रीमान् महाप्रबन्धक (सम्बोधन)

नेपाल आयल निगम

बबरमहल, काठमाडौँ

(घरायसी, कार्यालयीय, व्यापारिक चिठी लेखनमा गरिने सम्बोधन र अभिभादनका नमुना)

नमस्कार, दर्शन, जदौ जस्ता अभिवादनमूलक शब्दहरू रेडियो, टेलिभिजनका समाचारवाचक/प्रस्तोता तथा टेलिफोन/ मोवाइलमा फोन गर्ने व्यक्तिले प्रयोग गर्दछन् । यस्ता शब्द/पदावली क्रियेतर वाक्यका रूपमा प्रयुक्त भएका हुन्छन् ।

## ४.२ क्रियेतर वाक्यको कथ्यपरक अध्ययन

आधुनिक भाषा विज्ञानका पिता फर्डिन्यान्ड डि सोसुरले कथ्य भाषालाई प्राकृतिक स्वरूप स्वीकारेपछि उत्तरवर्ती भाषाविज्ञानीहरूले भाषा अध्ययनमा कथ्य रूपलाई विशेष महत्त्व दिन थालेको देखिन्छ । भाषा अध्ययनमा कथ्य भाषालाई आधार मान्दा वस्तुनिष्ठ तथ्य प्राप्त हुन्छ । यस्तो अध्ययन बढी वैज्ञानिक र प्रमाणिक हुन्छ आधुनिक भाषाविज्ञानले भने भाषाको कथ्य रूपलाई प्राथमिक मान्दछ र लेख्य रूपलाई गौण मान्दछ (ऐतिहासिक भाषाका सन्दर्भमा होइन) (यादव र अन्य, २०५९:४५) ।

पूर्णात्मक वाक्यको प्रयोग नेपाली भाषामा जे-जसरी भएको छ सोही अनुरूप क्रियेतर वाक्यको पनि प्रयोग भएको पाइन्छ । लिखित-मौखिक दुवै प्रकारका भाषामा यस्ता वाक्यको प्रयोग नेपाली भाषामा भएको छ । क्रियेतर वाक्यको सबल प्रयोग त कथ्य रूपमा नै पाइन्छ

। जनमानसले एक अर्कामा भलाकुसारी गर्दा वा आफ्ना विचार सम्प्रेषण गर्दा सहजता खोज्छन् । सहजता, सटिकता, प्रभावकारिता, सङ्क्षिप्तताका कारण क्रियेतर वाक्यको प्रयोग कथ्य भाषामा बढी नै भएको आधार मिल्छ । अनौपचारिक भाषार अपभाषामा बढीभन्दा बढी क्रियेतर वाक्यको प्रयोग हुन्छ ।

क्रियापदको अभाव रहने यस्ता वाक्यमा व्याकरणात्मक कोटिको अपूर्णता हुँदाहुँदै पनि सन्दर्भ वा प्रसङ्गले वाक्यात्मक पूर्णता दिएका हुन्छन् । क्रियेतर वाक्यमा भएको अपूर्णता वक्ता/श्रोताले स्वाभाविक रूपमा अध्याहार गरेर बोध गर्दछन् । नेपाली भाषाको कथ्य रूपमा क्रियेतर वाक्यको विशाल भण्डार छ । तल केही कथ्यपरक क्रियेतर वाक्यहरू नमुनाका लागि प्रस्तुत छन् :-

**४.२.१ कथानात्मक ढाँचाका क्रियेतर वाक्यका केही नमुनाहरू**

अचम्मको कुरा ।

आफ्नो/मेरो त पुर्पुरै अभागी ।

यो जुम्सो ।

साउँभन्दा ब्याज प्यारो ।

तँलाई ढिँडाका काल ।

कि वार कि पार ।

त्यसका बाउको टिलो ।

बजियाको खप्पर ।

बलियाकै राज ।

यी केटाकेटी त उदाउँदा घाम ।

हजुरको त तोलाको बोली ।

जपध्यान त के नै यसो मनको शान्ति नि !

अर्काको नासो ।

कस्तो बेसुद्धी ।

तँलाई पानीमरूवा ।

भरोसा उनै ईश्वरको ।

केको हल्लाखल्ला नि !

तँलाई निमकहरामी ।

चार बजेको समय ।

### ४.२.२ प्रश्नात्मक-उत्तरात्मक ढाँचाका केही नमुना

बाबुको घर ?

-आहाले ।

नाम के रे/नि ?

-कुमार ।

कसका  छोरा-नाति ?

-भूपध्वजको छोरा, श्रीलालको नाति ।

अनि आबु कुन भाइ ?

-माहिलो ।

अब कता त ?

-पोखरातिर ।

### ४.२.३ विस्मय ढाँचाका केही नमुना

आहा ! कति राम्रो फूल !

स्याबास ! बाबु !

अबुइ ! कत्रो बाघ !

आम्मै ! कति ज्ञानी !

आच्छु ! कति चिसो पानी !

छिः ! कस्तो दुर्गन्ध !

इस् : तिम्रा कुरा !

हरे शिव !

बिचरा !

हे भगवान् !

धन्यवाद !

ल ल !

हवस् !

लौ ! त्यस्तो कुरा !

### ४.२.४ निपात र सम्बोधन ढाँचाका केही नमुना

ल है !

लौ त !

लौ त नि !

क्यारे !

खै !

अँ त नि !

ल ल !

खै खै !

ल त !

ल है त !

लौ न त !

ए, हरि !

हे, भाइ !

ओ, साथी !

### ४.२.५ उखान-टुक्का ढाँचाका केही नमुना

चण्डाललाई रुद्राक्षको माला ।

चरालाई सुनको पिँजडाभन्दा जङ्गलै प्यारो ।

चरीको धन चुच्चो ।

चामल पैसा धामीलाई, आफ्नो वेथा आफैँलाई ।

चार विधा, चौध चतुऱ्याइँ ।

चोरलाई चौतारो, साधुलाई शूली ।

घासेघुसे देउतालाई फासेफुसे पूजा ।

छुचुन्द्राको टाउकामा चमेलीको तेल ।

छोरानाति घरभरि बूढाबूढी डाँडापारि ।

छोरा न छोरी केको मरिमरी ।

जति भाँडो, उति चुबुर्को ।

जसको तरबार, उसैको दरबार ।

जस्तो देश, उस्तै भेष ।

जीउँदाको जन्ती मर्दाको मलामी ।

जोगीलाई फुक्का, भोगीलाई दुक्का, गफीलाई टुक्का, जफतीलाई मुक्का ।

जो होचो, उसका मुखमा घोचो ।

ज्वाइँ न स्वाइँ, अगुल्टाले च्वाइँ ।

झन्डा न निशान छोरामोरा कप्तान ।

टक्का न सक्का उसै पक्का ।

ठाउँ न ठहर बूढीको रहर ।

डेढ अक्कलीको मामा लाल बुझक्कड ।

ढङ्ग न ढाल, खानाको काल ।

ढुङ्गाको भर माटो, माटाको भर ढुङ्गो ।

तरबारको घाउभन्दा वचनको घाउ ठूलो ।

तितरीको मुखै वैरी ।

तीन गोरुको हल पक्का, दुई स्वास्नीको घर पक्का ।

तीन सुकाको खुकुरी, नौ सुकाको बिँड ।

दुःखको बेला, सबैको हेला ।

दूधको साक्षी बिरालो ।

देवीको भाकल, पेटको पूजा ।

धामीभन्दा मधौरु बलियो ।

धोबीको कुकुर, घरको न घाटको ।

नयाँ जोगीको बाक्लो खरानी ।

पशुपतिको जात्रा, सिद्राको बेपार ।

पानीको फोका कति बेर ।

पिउरी गुनाको सुत, दूध गुनाको पुत ।

पुलिसको भगुवा, चोखो अगुवा ।

पेरूङ्गामा सम्पत्ति, भकारीमा सेखी ।

फरिया न सरिया, गल्थाको थुप्रो ।

फलामको वैरी फलाम ।

फूमन्तरकी वाचा, खरानीको फाँचा ।

बडाको बोल, छोराको मोल ।

बाँसको फल, परिवारको बल ।

बाबुको किरिया त तेऱ्ह दिन, जुवाको किरिया कति दिन ।

बौलाहा कुकुरलाई फूलबारीको डेरा ।

भाइ पर छिमेकी वर ।

भाङ्ग्राको टोपीलाई गुहेँलीको फूल ।

भोक न भकारी, शोक न सुर्ता

महादेवको ठाउँमा भ्यागुताको ठसमस ।

मान्छे अनुसारको कुरा, कपाल अनुसारको छुरा ।

मुला चोर पनि चोर, हात्ती चोर पनि चोर ।

यता न उता मुलाबारी भित्ता ।

राजा कसको पाहुना, जोगी कसको मीत ?

राजाको घरमा मोतीको दुःख ।

रातो राम्रो, गुलियो मीठो ।

रोगी वैद्य, झगडिया विचारी ।

लक्कुविनाको धक्कु, मसलाविनाको पक्कु ।

लगनको बेलामा हगन ।

लाहुरे माया, चाउरे प्रीति ।

विपक्षको चाकरीभन्दा हलुवाईको नोकरी असल ।

वैरागी करमलाई, शरम न धरम ।

शरीरको शोभा शिर, बडाको शोभा धीर ।

सम्पत्तिका गहना, विपत्तिका खजना ।

स्वास्नीको सिंगार लोग्ने ।

हातको टिपन र आँखाको झल्को ।

हिले माछ्लालाई कुलै गण्डकी ।

(पुष्करशमशेर, नेपाली उखान-टुक्काको कोश : २०५०)

# परिच्छेद पाँच : क्रियेतर वाक्यको वर्गीकरण


## ५.१ क्रियेतर वाक्यको वर्गीकरण

कथ्य तथा लेख्य भाषामा क्रियेतर वाक्यको प्रयोग अधिक छ । यसका बारेमा विस्तृत अध्ययन तथा वर्गीकरणमा भने भाषाविज्ञानीहरूको उति चासो देखिएको छैन । पूर्णात्मक वाक्यका बारेमा पूर्वीय, पाश्चात्य तथा नेपाली भाषाविज्ञानीहरूले थुप्रै कार्य गरेको छन् । पूर्ण वाक्यका सम्बन्धमा भाषा वैज्ञानिकहरूले आ-आफ्ना अवधारणहरू पेस गरेका छन् । वाक्यका कार्य, प्रकार, विशेषता आदिका बारेमा पनि चर्चा गरेका छन् । क्रियेतर वाक्यका हकमा भने नेपाली भाषाविज्ञानीहरूको आधिकारिक ठोस अवधारणाको अभाव देखिन्छ ।

क्रियेतर वाक्यमा एकल पद पनि पूर्णवाक्यझैँ बन्न सक्छ । एकभन्दा बढी पदहरूको समूहबाट अधिकांश क्रियेतर वाक्यको संरचना तयार भएको हुन्छ । यस्ता वाक्यमा एकै प्रकृतिका संरचक घटक रहन पनि सक्छन् तर धेरैजसो वाक्यमा फरक-फरक प्रकृतिका/भिन्न पदवर्गका संरचक घटकहरूले नै क्रियेतररूपी वाक्य निर्माण गरेका हुन्छन् । नामिकपदयुक्त, अव्ययपदयुक्त तथा नामिकपद र अव्ययपदको मिश्रित संरचक घटकले क्रियेतर वाक्य निर्माण गरेका हुन्छन् । समाचारीय शीर्षक, विज्ञापनीय भाषा र उखान-टुक्कामा पदहरूको मिश्रित रूप पाइन्छ । यस्ता वाक्यमा नामिकपद, अव्ययपदहरूको प्रयोग भए पनि यिनीहरूको छुट्टै पहिचान भएका हुनाले पहिचानमूलक क्रियेतर वाक्यका रूपमा वर्गीकरण गरी यस शोधमा अध्ययन गरिएको छ ।

यस शोधमा मूलतः क्रियेतर वाक्यका प्रकारलाई संरचक घटकका आधारमा, संरचनावादीले निर्धारण गरेको पूर्णात्मक वाक्यका प्रकारका आधारमा र परम्परागत व्याकरणका आधारमा वर्गीकरण गरिएको छ ।

### ५.१.१ संरचक घटकका आधारमा क्रियेतर वाक्यको वर्गीकरण




#### ५.१.१.१ नामिकपदमूलक

क्रियेतर वाक्यमा नामिकपदको उपस्थिति उल्लेखनीय हुन्छ । सार्थक नामिकपदहरूको संयोजनबाट पूर्ण अर्थ प्रदान गर्ने क्रियेतर वाक्यहरू बनेका हुन्छन् । हुन त एउटै सार्थक अक्षर/शब्दबाट पनि वाक्यको कार्य गर्न सक्ने क्षमता क्रियेतर वाक्यमा पाइन्छ । नामिकपदहरूको व्याकरणात्मकसम्मत संयोजनबाट क्रियेतर वाक्यहरू बनेका हुन्छन् । नामपद र नामपद, सर्वनामपद र नामपद तथा विशेषणपद र नामपदको योगबाट यस्ता वाक्य निर्मित हुन्छन् । नामिकपदमूलक क्रियेतर वाक्यलाई निम्न तीन वर्गमा विभाजन गर्न सकिन्छ :-

##### ५.१.१.१.१ नामपदमूलक (नाम+नाम)

नामपदको मात्र संयोजनबाट पनि क्रियेतर वाक्य बनेका हुन्छन् । कुनै-कुनै वाक्यमा एउटै नाम शब्दले पनि पूर्ण अर्थ दिने वाक्य निर्माण गरेका हुन्छन् । दुई वा सोभन्दा बढी नामपदको योग पनि क्रियेतर वाक्यमा पाइन्छ । तल केही यस्ता उदाहरण प्रस्तुत गरिएका छन् :-

तिम्रो नाम ?

-हरि ।                    (एकल पद)

*नामपद*

महिला आन्दोलन (दुई पद)

*नामपद नामपद*

गरिबी निवारण आयोजना (तीन पद)

*नामपद नामपद नामपद*

(तीन पद वा सोभन्दा बढी पदको संयोजनबाट पनि क्रियेतर वाक्य बन्दछन् । )

**५.१.१.१.२ सर्वनाममूलक**

सर्वनाम एक्लैले पनि क्रियेतर वाक्य निर्माण गर्न सक्दछ । यस्ता वाक्यमा सर्वनामपदका साथमा अन्य नामिकपद पनि संरचक घटकका रूपमा रहन सक्दछन् । तल केही उदाहरण हेरौँ :-

को ?

-म । (एकल सर्वनामपद)

*सर्वनाम*

फोहोर मलाई । (नामिकपद +सर्वनामपद)

*नामपद सर्वनाम*

उनीहरूको सङ्गीतमा जादु । (सर्वनामपद+अन्य नामपद)

*सर्वनामपद नामपद नामपद*

**५.१.१.१.३ विशेषणमूलक**

विशेषणमूलक क्रियेतर वाक्यमा एकल विशेषणपद पनि पूर्णात्मक कार्य गर्ने भएर वाक्यमा आउन/रहन सक्छ । विशेषणपदले अन्य नामिकपदसँग पनि संरचक घटक भएर उपस्थिति जनाउन सक्छन् । तल केही विशेषणमूलक क्रियेतर वाक्यका उदाहरण प्रस्तुत छन् :-

कत्रो ?

-ठूलो । (एकल विशेषणपद)

सोझा-सिधा, पौरखी नेपाली । (विशेषणपद +विशेषणपद)

उनीहरूको विश्वासिलो मान्छे । (अन्य नामिकपद+ विशेषणपद)

*सर्वनाम विशेषणपद नामपद*

(नामिकपदमूलक क्रियेतर वाक्यका संरचक घटकमा विभक्ति चिह्नहरू पनि आउन सक्छन् ।)

#### ५.१.१.२ अव्ययमूलक

लिङ्ग, वचन, पुरुष आदिका आधारमा रूप परिवर्नन नहुने शब्दहरू अव्यय वर्गभित्र पर्दछन् । यस्ता शब्द/पदहरूको उपस्थिति क्रियेतर वाक्यमा प्रशस्त पाउन सकिन्छ । अव्यय शब्द एकल रूपमा आएर पनि वाक्य निर्माण गर्न सक्छन् भने सामूहिक रूपमा आएर पनि वाक्य निर्माण गर्न सक्दछन् । क्रियेतर वाक्यमा विस्मय शब्द र निपातको उपस्थिति अधिक नै देखिन्छ । अव्ययमूलक क्रियेतर वाक्यलाई निम्न पाँच वर्गमा वर्गीकरण गरिएको छ ?

#### ५.१.१.२.१ क्रियायोगीमूलक

क्रियेतर वाक्यको संरचक घटकमा क्रियायोगी पनि पर्दछ । क्रियायोगीमूलक शब्दहरू क्रियेतर वाक्यमा समाविष्ट भएका हुन्छन् । यस्ता शब्द/पदले क्रियेतर वाक्यको सौन्दर्य पनि बढाएका हुन्छन् । सबै प्रकृतिका क्रियायोगी शब्द क्रियेतर वाक्यमा रहन सक्दछन् ।

अघिको कुरा ।

खुरुखुरु काम ।

झमक्क साँझ परेको बेला ।

#### ५.१.१.२.२ नामयोगीमूलक

नामयोगीमूलक पदहरू क्रियेतर वाक्यको संरचक घटक बनेर आएका हुन्छन् । क्रियेतर वाक्य निर्माणमा यस्ता पदहरूले व्याकरणात्मक कार्य गरेका हुन्छन् । अभिव्यक्तिलाई सार्थक बनाउन नामयोगीपदहरूको आवश्यकता क्रियेतर वाक्यमा देखिन्छ ।

तिमी खोलातिर म खर्कतिर ।

फोटोसहित मतदाता नामावली सङ्कलन

#### ५.१.१.२.३ संयोजकमूलक

क्रियेतर वाक्यमा संयोजकको पनि प्रयोग हुन्छ । संयोजकले युक्त संरचनामा संरचित क्रियेतर वाक्य प्रशस्त पाउन सकिन्छ । यस्ता वाक्यका संरचक घटकमा संयोजकको महत्त्वपूर्ण भूमिका हुन्छ ।

विद्वान् तर घमण्डी मान्छे ।

तराई र पहाडमा चिसो बढ्दै

विज्ञान तथा वातावरण  मन्त्रालय

### ५.१.१.२.४ विस्मयमूलक

क्रियेतर वाक्यमा धेरैभन्दा धेरै विस्मय शब्दहरूको प्रयुक्ति देखिन्छ । एकल रूपमा आएर पनि यस्ता शब्दहरूले पूर्णात्मक कथन दिन सक्ने सामर्थ्य राख्दछन् । बोलीचालीको भाषामा झनै बढी विस्मयमूलक क्रियेतर वाक्यको प्रयोग हुन्छ । मानसिक संवेगसँग सम्बन्धित यस्ता शब्दहरूले अन्य व्याकरणात्मक कोटिका अनुपस्थितमा पनि वाक्यात्मक कार्य गरेका हुन्छन् । वाक्यमा प्रकट भएको विचार एवम् मनोभावबारे टिप्पणी व्यक्त गर्ने खालका शब्दहरू विस्मायादिबोधक हुन्छन् । यी शब्दहरू प्रायः वाक्यका अगाडि आउँछन् र वाक्यका अङ्ग नबनी वाक्यभन्दा स्वतन्त्र रूपमा प्रयोग हुन सक्छन् । कतिपय स्थितिमा यिनीसँग वाक्य नआए पनि यी स्वयम्ले वाक्यको जस्तो काम गर्न सक्छन् अर्थात् यिनको प्रयोग गर्दा पूर्ण वाक्य आउनुपर्छ भन्ने छैन (अधिकारी, २०६७:१२२) केही उदाहरण हेरौँः-

बाफ रे बाफ ! कत्रो भीर !

छिः छि : ! कस्तो दुर्गन्ध !

हरे राम !

हरे कृष्ण !

क्याबात !

साधुवाद !

### ५.१.१.२.५ निपातमूलक/सम्बोधनमूलक

शाब्दिक अर्थ नभए पनि व्याकरणात्मक र संरचनात्मक अर्थ हुने निपातहरू क्रियेतर वाक्यमा प्रशस्त पाउन सकिन्छ । निपातहरूले वाक्यलाई सरस बनाउँछन् । भाषिक लालित्यका लागि निपातहरूको प्रयोग बढी हुन्छ । सीमित सङ्ख्याका निपातहरूले शब्दकोशमा मूल प्रविष्टि पनि पाएका हुँदैनन् तर यिनीहरूले वाक्यात्मक कार्य भने एक्लै उपस्थित भएर पनि गर्न सक्छन् । निपातयुक्त क्रियेतर वाक्य नेपाली भाषाका कथ्य-लेख्य दुवै भेदमा प्रशस्त पाउन सकिन्छ । कसैलाई बोलाउँदा प्रयोगमा आउने सम्बोधनमूलक शब्दहरूले पनि क्रियेतर वाक्यमा निपातले झैँ कार्य गरेका हुन्छन् Yजस्तै :-

आबुइ ! कत्रो फर्सी !

कोनि ! मलाई के थाहा !

धिक्कार ! तँजस्ता लाछीलाई !

ए, भाइ यता !

### ५.१.१.३ पहिचानमूलक क्रियेतर वाक्य

हुन त पहिचानमूलक क्रियेतर वाक्य माथि उल्लिखित संरचक घटकका आधारमा गरिएको वर्गीकरण अनुरूपकै संरचनामा संरचित हुन्छन् । संरचनाका आधारमा, स्वरूपका आधारमा तात्त्विक भेद छैन । तथापि लिखित तथा मौखिक दुवै भाषामा यस प्रकृतिका वाक्यले आफ्नो छुट्टै पहिचान बनाएका छन् । आफ्नो प्रयोग क्षेत्र व्यापक छ । समाचारीय शीर्षक, विज्ञापनीय भाषा, उखान-टुक्कामा प्रयुक्त हुने क्रियेतर वाक्य भाषिक अभिव्यक्तिका क्रममा प्रयोक्ताले अधिकाधिक प्रचलनमा ल्याएका हुन्छन् । यस्ता वाक्यहरू विशेषतः क्रियेतर वाक्यकै संरचनामा बढी निर्मित हुन्छन् । यसर्थ, समाचारीय शीर्षक, विज्ञापनीय भाषा, उखान-टुक्कालाई छुट्टै वर्गमा वर्गीकरण गरेर अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

#### ५.१.१.३.१ समाचारीय शीर्षक

समाचारीय शीर्षक छोटा-छरिता हुन्छन् । यस्ता शीर्षकमा संरचनात्मक सौन्दर्य, भाव सौन्दर्य पाउन सकिन्छ । पाठक/श्रोतालाई समाचारीय शीर्षक/भाषाले तुरून्तै आकर्षण गर्न सक्दछ । छापा पत्रपत्रिकामा जस्तै विद्युतीय सञ्चारका साधन रेडियो, टेलिभिजन, इन्टरनेट, आदिमा पनि क्रियेतर वाक्यमा संरचित वाक्यहरूको व्यापक प्रयोग भेटिन्छ ।

उदाहरणः-

यस प्रसारणका मुख्य खबरहरूः-

संविधान सभाको निर्वाचन असारको पहिलो साता ।

तराईमा गर्मी सुरु ।

प्रहरी आफैँ रक्षक आफैँ भक्षक ।

अपहरित बालिकाको उद्धारमा गाउँलेको सहयोग ।

दुई कोरिया बीच द्वन्द्व चर्किंदो ।

खडेरीले किसानहरू मारमा ।

मनाङ-मर्स्याङ्दीको फितलो प्रदर्शन ।

साथमा,

मौसम सम्बन्धी जानकारी ।

(विद्युतीय सञ्चार माध्यममा प्रयुक्त हुने क्रियेतर वाक्यमा संरचित समाचारीय शीर्षकको नमुना)

सानदार सुरुवात

मलेसियामा नेपाली कामदारमाथि आक्रमण

निजी अस्पतालको चर्को शुल्क

गरिबका लागि  घर

कृषि रणनीति अन्तिम चरणमा

(छापा पत्रिकामा प्रयुक्त क्रियेतर वाक्यमा संरचित समाचारीय शीर्षकका नमुना)

**५.१.१.३.२ विज्ञापनीय भाषा**

कुनै संघ-संस्था, व्यापारिक प्रतिष्ठान तथा व्यक्तिले आफ्ना वस्तु तथा सेवालाई जनस्तरसम्म पुऱ्याउन विज्ञापन गर्दछन् । छापा पत्रपत्रिका, विद्युतीय सञ्चारका साधन रेडियो, टेलिभिजन, इन्टरनेटका साथै पोस्टर, पमप्लेटका माध्यमबाट विज्ञापन गर्ने चलन छ । विज्ञापनीय भाषा सटिक, प्रभावकारी हुन्छ । यस्तो भाषामा खास गरी क्रियेतर वाक्यको प्रयोग बढी देखिन्छ । पत्रपत्रिकामा छापिएका केही विज्ञापन परिशिष्टमा प्रस्तुत छन् :-

**५.१.१.३.३ उखान-टुक्कामूलक**

अन्य भाषामा जस्तै नेपाली भाषामा पनि उखान-टुक्काको प्रयोग व्यापक छ । लेख्य तथा कथ्य दुवै भाषामा उखान-टुक्काको उपस्थिति उस्तै-उस्तै देखिए पनि कथ्य भाषामा बढी व्यवहृत छ । विस्तृत विचार, कथनलाई सारमा भन्नुपर्दा यस्ता उखानहरू भाषिक अभिव्यक्तिका क्रममा आउँछन् । तल केही क्रियेतर वाक्यमा संरचित उखान-टुक्का प्रस्तुत छन् :-

खोलाको पानी खोलैमा ।

गघाका घाँटीमा महुवाको माला ।

गप्पडको थप्पड लालचीको तमाशा ।

गाई गङ्गा बराबर ।

गाउँको द्वारे न घाटको माझी ।

गाउँको भूत र देशको देउता ।

गोकुलभन्दा मथुरा प्यारो ।


घरको सल्लाह, गाउँको रिस ।

घरमा ढुटाको रोटी, बाहिर लम्बे धोती ।

(पुष्करशमशेर, नेपाली उखान-टुक्काको कोश : २०५०)

## ५.२ संरचनावादी मान्यताका आधारमा क्रियतेर वाक्यको वर्गीकरण

भाषिक चिन्तनमा संरचनावादले ठूलो योगदान दिएको छ । वस्तुनिष्ठ मान्यताका साथ भाषाविज्ञानका क्षेत्रमा ख्याति कमाएको संरचनावादले वाक्यका बारेमा पनि गहन अध्ययन गरेको छ । पूर्ण वाक्यलाई संरचनावादले रूपात्मक अधारमा वर्गीकरण पनि गरेको छ । संरचनावादकै मान्यतालाई आधार मानी क्रियेतर वाक्यको वर्गीकरण यस शोधमा गरिएको छ ।




### ५.२.१ कथानात्मक

कुनै कामकुराको सकारात्मक वा निषेधात्मक सामान्य कथनमात्र गर्ने वाक्यहरू कथनात्मक वाक्य हुन् । कथनात्मक ढाँचाका वाक्यहरू भाषामा बढी पाइन्छन् । क्रियेतर वाक्यमा पनि कथनात्मक ढाँचाका बाक्यहरू प्रशस्त छन् । पूर्ण वाक्यले झैँ यस्ता वाक्यले पनि सकारात्मक तथा निषेधात्मक दुवै अर्थ दिन्छन् । तल केही उदाहरण हेरौ :-

मेरो देश : मेरो स्वर्ग

सरकार परिवर्तनको आशङ्का

म त हिमाली सन्तति; पहाडी ठिटो ।

हरियो वन नेपालको धन ।

दुई सन्तान ईश्वरको वरदान ।

अहँ ।

नाइँ ।

(अहँ, नाइँ, ना, कोनि, खोइ, खोइकोनिजस्ता पदले क्रियेतर वाक्यलाई निषेधात्मक ढाँचाका बनाउँछन् ।)

### ५.२.२ प्रश्नार्थक

कुनै कामकुराका बारेमा जिज्ञासा राखी प्रश्न गर्ने ढाँचाका वाक्यलाई प्रश्नार्थक वाक्य मानिन्छ । प्रश्नार्थक ढाँचाका वाक्यहरू क्रियेतर वाक्यमा प्रयुक्त हुन सक्छन् । क्रियेतररूपी वाक्यले पनि प्रश्नार्थक वाक्यको संरचना तयार गर्न सक्दछन् । केही उदाहरण हेरौँ :-

यो कसको कलम ?

तपाईको घर कहाँ ?

सीताको माइती ?

हजुरको पेसा ?

मिति घोषणामा किन ढिलाइ ?

### ५.२.३ विध्यर्थक

वक्ताको मनोभाव जनाउने क्रियापदको कोटिलाई भाव (अर्थ) भनिन्छ (अधिकारी, २०६७:२१८) । विध्यर्थमूलक वाक्यमा क्रियापदको भूमिका प्रधान हुन्छ । आख्यातकै आधारमा अन्य व्याकरणात्मक कोटिहरू निर्धारित हुने यस्ता वाक्यमा क्रियेतर वाक्यको अस्तित्व संरचनात्मक स्वरूपमा नदेखिन सक्छ तर विध्यर्थक वाक्यमा पनि क्रियेतर वाक्यको कार्यात्मक अस्तित्व भने रहेको हुन्छ । इच्छा, आज्ञा, संभावना व्यक्त गर्न आउने क्रियापदका कोटिमा अन्य व्याकरणात्मक कोटि आएर क्रियेतर वाक्यको कार्य गर्न सक्दछन् । सन्दर्भ/प्रसङ्गबाट विध्यर्थरूपी अर्थबोध हुन्छ । स्वाभाविक रूपमा आख्यातको अध्याहार हुन्छ । तलका उदाहरणबाट अझ प्रट पार्न सकिन्छ :-

क) तिमीहरू चुप लाग । हल्ला नगर । (आज्ञा)

ख) तिमीहरू चुप लागे । हल्ला नगरे । (इच्छा)

ग) चुप ! हल्ला बन्द ! (क्रियेतर वाक्य)

माथि आज्ञा र इच्छा व्यक्त भएका विध्यर्थमूलक क्रियापदको सत्ता छ । यस्ता वाक्यका सट्टामा 'चुप ! हल्ला बन्द !' जस्तो क्रियेतर वाक्य प्रयुक्त हुन सक्छ । यस वाक्यमा भाव अर्थ्याउने क्रियापद नभए पनि आशय आज्ञार्थ/इच्छार्थ वाक्यकै जस्तो छ । आज्ञा/इच्छाको भाव व्यक्त भएका 'क' र 'ख' का वाक्यको अभिप्रायसँग वाक्य 'ग' को अभिप्राय एकै छ ।

क) भुलमा माफी (पाऊँ, पाउँला) ।
ख) हामीलाई ईश्वरको आशीर्वाद (मिलोस्, मिल्ला) ।
ग) उनीहरूको गल्ती भए क्षमा (होला, पाऊन्) ।

माथिका उदाहरणमा कोष्ठीकरण गरिएका विध्यर्थक क्रियापद सन्दर्भ/प्रसङ्गबाट बोध हुन सक्छन् । पाठक/श्रोताले यस्ता क्रियापदलाई अध्याहार गर्न पनि सक्दछन् । कसैलाई 'भित्र पस' भनेर आज्ञा दिँदा भनिने 'भित्र' जस्ता शब्दले पनि विध्यर्थक क्रियेतर वाक्यको कार्य गर्दछन् ।

### ५.२.४ विस्मयार्थक

कुनै काम कुराका सम्बन्धमा विस्मय (आश्चर्य, घृणा, खुसी, खेद आदि) प्रकट गर्ने ढाँचाका वाक्य विस्मयार्थक मानिन्छन् । विस्मयमूलक वाक्य क्रियेतर वाक्यमा पनि प्रयुक्त हुन्छन् । विस्मयार्थक वाक्यमा क्रियेतर वाक्यको प्रयोग अधिक हुन्छ ।

क्या ! सुन्दर देश !


छिः कस्तो खराब बानी !

स्याबास !

## ५.३ परम्परागत व्याकरणका आधारमा क्रियेतर वाक्यको वर्गीकरण

परम्परागत व्याकरणले पूर्ण वाक्यलाई तीन वर्गमा विभाजन गरेको छ । एउटा उद्देश्य र एउटा विधेययुक्त वाक्यलाई सरल वाक्य मानिन्छ । निरपेक्ष संयोजकद्वारा बाँधिएको दुई स्वतन्त्र उपवाक्यबाट निर्मित वाक्यलाई संयुक्त वाक्यका रूपमा लिइन्छ । एक मुख्य उपवाक्य र एक वा सोभन्दा बढी अधीन उपवाक्यलाई सापेक्ष संयोजकद्वारा बन्धन गरिएको वाक्यलाई मिश्र वाक्य हो भनी परम्परागत व्याकरणले स्वीकारेको छ । क्रियेतर वाक्यलाई पनि यसै आधारमा वर्गीकरण गर्न सकिन्छ ।

परम्परागत व्याकरणका आधारमा क्रियेतर वाक्यको वर्गीकरणलाई तलको रेखाचित्रमा हेरौँ:-



### ५.३.१ सरल क्रियेतर वाक्य

सरल क्रियेतर वाक्यमा आख्यातबाहेकका अन्य व्याकरणात्मक कोटिहरू संरचनामा आएका हुन्छन् । उद्देश्यका साथमा विधेय खण्डका संरचक घटक (समापिका क्रियापदबाहेक) भने यस प्रकारका वाक्यमा आएका हुन्छन् । तिनै विधेय खण्डका संरचक घटकले वाक्यात्मक अभिप्रायलाई पूर्णता दिएका हुन्छन् Yजस्तै :-

| | |
|---|---|
| भाग्यमानीको | भूतै कमारो |
| *उद्देश्य खण्ड* | *विधेय खण्ड* |

| | |
|---|---|
| रातामे गुराँसले | पर्यटकको लर्को |
| *उद्देश्य खण्ड* | *विधेय खण्ड* |

### ५.३.२ संयुक्त क्रियेतर वाक्य

निरपेक्ष संयोजकद्वारा जोडिएका दुई स्वतन्त्र उपवाक्य क्रियेतर वाक्यको संरचनामा पनि रहेका हुन्छन् । दुवै स्वतन्त्र उपवाक्यमा आख्यात नआए पनि आशय भने पूर्ण हुन्छ Y जस्तै :-

वार कि पार ।

पहिले काम अनि माम ।

भारी वर्षा याम तर बिजुली कटौती ।

### ५.३.३ मिश्र क्रियेतर वाक्य

एक मुख्य उपवाक्य र एक वा सोभन्दा बढी अधीन उपवाक्यबाट सापेक्ष संयोजकद्वारा जोडिएर बनेका वाक्यमा पनि क्रियेतर वाक्यको संरचना पाइन्छ । मुख्य उपवाक्य र अधीन उपवाक्यमा आख्यात नआए पनि क्रियेतर वाक्यको अभिप्राय पूर्ण हुन्छ Yजस्तैः-

जहाँ इच्छा त्यहाँ उपाय ।

जो मिहिनेती ऊ सफल ।

जब गर्मी तब रोगव्याध ।

# परिच्छेद छ : उपसंहार

## ६.१ निष्कर्ष

मानव जातिले भाषाको प्रयोग गरेकै समयदेखि क्रियेतर वाक्यको अस्तित्व थियो भन्ने तर्कलाई असान्दर्भिक मान्ने कुनै आधार छैन । क्रियेतर वाक्यको प्रयोग लेख्य तथा कथ्य दुवै भाषामा समानुपातिक रुपमा भएको पाइन्छ । पूर्ण वाक्यको बारेमा जे-जति अध्ययन भएको छ त्यति अध्ययन क्रियेतर वाक्यको भएको छैन । पूर्वमा सबैभन्दा पहिले पतञ्जलिले नामिकपद मात्र पनि वाक्य हो भन्ने तर्कलाई अघि सारेपछि क्रियेतर वाक्यले आफ्नो पहिलो पहिचान पाउन सक्यो । यसै गरी पदलाई वाक्यको स्वतन्त्र सत्ता स्वीकार्ने अभिहितान्वयवादले क्रियेतर वाक्यलाई थप पहिचान दिलायो । पश्चिममा भने अमेरिकाली संरचनावादका भाषाविज्ञानी ब्लुमफिल्डले वाक्यलाई पूर्ण र अपूर्ण गरी दुई वर्गमा विभाजन गरी क्रियेतर/अपूर्ण वाक्यका बारेमा चर्चा गरेका छन् । रूपार्थपरक व्याकरणले क्रियेतर/अपूर्ण वाक्य पूर्ण वाक्यझैँ वाक्यका सबै एकाइले पूर्ण हुँदैन भन्दै क्रियेतर वाक्यको बारेमा अध्ययन गरेको छ । नेपाली भाषामा भने मारिया ह्यारीले नेपाली वाक्यहरूको मोटामोटी व्यवस्थित संगठन भन्ने आफ्नो लेखमा अपूर्ण वाक्यहरू प्रसङ्गद्वारा पूर्ण वाक्यका रूपमा बुझिने खालका हुन्छन् भन्ने मान्यतालाई अगाडि सारेकी छिन ।

समापिका क्रियापद/आख्यातको उपस्थिति नरहने क्रियेतर वाक्यमा एकाक्षरदेखि बहुशब्दसम्मको संरचनात्मक स्वरूप पाइन्छ । संरचक घटकको विविधता क्रियेतर वाक्यमा पाउन सकिन्छ । पदविचलनको स्वरूप पनि यस्ता वाक्यमा रहेको हुन्छ । मितव्ययी शब्दको विचित्र प्रयोग हुने क्रियेतर वाक्यमा सूक्तिमय अभिलक्षण पाउन सकिन्छ । रागात्मकता, सङ्क्षिप्तता, भाषिक सौन्दर्य, प्रभावकारिता, काव्यात्मकता तथा प्रतीकात्मकता/बिम्बात्मकता जस्ता विशेषताले क्रियेतर वाक्य संरचनात्मक सौन्दर्य र भाव सौन्दर्यका दृष्टिले उच्च हुन्छन् । स्रष्टा/वक्ताले आफ्नो निजी शैली निर्माण गर्न, प्रतीक/बिम्ब उपस्थापन गर्न, प्रभावकारी सूचना सम्प्रेषण गर्न, अभिव्यक्तिगत सौन्दर्य तथा मानसिक संवेगको प्रस्तुतिमा क्रियेतर वाक्यको महत्त्व भाषामा बढी छ ।

यो शोधबाट छरिएर रहेका भाषाविज्ञानीहरूका क्रियेतर वाक्यका परिभाषालाई एकै ठाउँमा समेट्न सकिएको छ । क्रियेतर वाक्यको व्युत्पत्ति र अर्थमाथि थप प्रकाश पनि

पारिएको छ । क्रियेतर वाक्यको संरचनात्मक स्वरूपलाई अध्ययन गरी देखिए-भेटिएका संरचक घटकका आधारमा स्वरूपको निर्धारण गरी चर्चा गरिएको छ ।

संसारका प्रायः सबै भाषामा क्रियेतर वाक्य रहेका छन् । यो शोधको अध्ययन गर्दा संस्कृत, अङ्ग्रेजी, हिन्दी र नेपाली भाषाका लेख्य तथा कथ्य रूपमा प्रयुक्त केही क्रियेतररूपी वाक्यलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । नेपाली भाषामा रचना गरिएका कृतिका सबै विधामा क्रियेतर वाक्यको उपस्थिति देखिन्छ । प्रशस्त उखानहरू क्रियेतररूपी पाइएका छन् । समाचारीय शीर्षक/भाषा तथा विज्ञापनीय भाषामा बढीभन्दा बढी क्रियेतर वाक्यको प्रयोग क्षेत्र भेटिएको छ ।

क्रियेतर वाक्यका प्रकारलाई यस शोधमा संरचक घटकका आधारमा नामिकपदमूलक, अव्ययमूलक, पहिचानमूलक र तिनका भेदलाई पनि वर्गीकरण गरिएको छ । संरचनावादी मान्यताका आधारमा कथनात्मक, प्रश्नार्थक, विध्यर्थक र विस्मयार्थकमा विभाजन गरिएको छ भने परम्परागत व्याकरणका आधारमा सरल क्रियेतर वाक्य, संयुक्त क्रियेतर वाक्य र मिश्र क्रियेतर वाक्यमा वर्गीकरण गरिएको छ । यस शोधबाट प्राप्त भएका निष्कर्षलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :-

- पूर्वमा पतञ्जलि, अभिहितान्वयवाद र पश्चिममा अमेरिकी भाषाविज्ञानी ब्लुमफिल्डका मतमा क्रियेतर वाक्यको पहिचान प्राप्त,
- लेख्य-कथ्य रूपमा क्रियेतर वाक्यको इतिहास प्राचीन रहेको,
- वेदका सूत्रहरूमा पनि क्रियेतर वाक्यको लेख्य रूप प्राप्त,
- संसारका सबै भाषामा क्रियेतररूपी वाक्य अस्तित्वमा रहेको,
- एकै अक्षर पनि क्रियेतर वाक्य बन्न सक्ने,
- आख्यातबाहेक विभिन्न पदवर्गको संयोजनबाट क्रियेतर वाक्यको संरचनात्मक स्वरूपको निर्माण,
- रागात्मक अभिव्यक्तिमा क्रियेतर वाक्यको संरचनामा पदविचलन भएको पाइनु,
- क्रियेतर वाक्यहरू सूक्तिमय, लयात्मक, भाषिक सौन्दर्य, काव्यात्मक, प्रतीकात्मकजस्ता विशेषताले युक्त हुनु,
- बिम्ब/प्रतीक उपस्थापनमा क्रियेतर वाक्यको महत्त्वपूर्ण भूमिका रहने,
- कथ्यपरक अभिव्यक्तिमा क्रियेतर वाक्यको अधिक प्रयोग भएको पाइनु,

- नवीन शैली, सटीकता, प्रभावकारी सूचना, मानवीय संवेदनाको अभिव्यक्तिमा क्रियेतर वाक्यको महत्त्व रहनु,
- विज्ञापनीय भाषा र समाचारीय शीर्षकमा क्रियेतर वाक्यको अधिक प्रयोग भएको पाइनु,
- उखानमा क्रियेतर वाक्यको प्रयोग कथ्य-लेख्य रूपमा बढी भेटिनु,
- संरचक घटकका आधारमा, संरचनावादका मान्यताका आधारमा र परम्परागत व्याकरणका आधारमा क्रियेतर वाक्यलाई वर्गीकरण गरिएको ।

## ६.२ सुझावहरू

क्रियेतर वाक्यको प्रयोग क्षेत्र व्यापक छ । लेख्यमा झैँ कथ्यमा पनि यस्ता वाक्यको प्रयोग नेपाली भाषामा समयको गतिसँगै बढ्दो देखिन्छ । प्रविधिको आशातीत विकासले भाषाका क्षेत्रमा पनि आमूल परिवर्तन ल्याएको छ । सञ्चारमाध्यममा क्रियेतररूपी वाक्यको प्रयोग हिजोआज बाक्लिँदै गएको छ । क्रियेतर वाक्यको अध्ययनमा भाषाविज्ञानीहरूले चासो बढाउनुपर्ने अवस्था देखिएको छ ।

- त्रि.वि. ले भाषातत्त्व विषयको पाठ्यक्रममा क्रियेतर वाक्यलाई समावेश गर्नुपर्ने,
- भाषाविज्ञानीहरुले क्रियेतर वाक्यका बारेमा अध्ययन गरी यस्ता वाक्यका परिचय स्वरुप, विशेषता, महत्त्वमाथि तार्किक तथा वस्तुनिष्ठ निष्कर्ष निकाल्नुपर्ने,
- शोधार्थीहरुले लेख्य तथा कथ्य भाषामा प्रयुक्त क्रियेतर वाक्यका बारेमा खोज-अनुसन्धान गरी विभिन्न स्रष्टाका कृतिमा क्रियेतर वाक्यहरु के-कसरी प्रयुक्त भएका छन् भन्ने कुराको शोध गर्नुपर्ने,
- क्रियेतर वाक्यको महत्त्वमाथि प्रकाश पार्दै भाषाविज्ञानीहरुले स्रष्टाहरुलाई नवीन शैलीका लागि प्रेरणा दिनुपर्ने,
- समाचारीय शीर्षक/भाषा तथा विज्ञापनीय भाषामा प्रयुक्त क्रियेतर वाक्यको थप अध्ययन गरिनुपर्ने,
- क्रियेतर वाक्यका विषयमा विद्यावारिधिको अध्ययन गर्न सकिने ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७), **प्रयोगात्मक नेपाली व्याकरण**, ललितपुर : साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र अन्य (२०६८), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

गौतम, देवीप्रसाद र अन्य (२०६७), **भाषा विज्ञान**, काठमाडौँ : पाठ्य सामग्री पसल ।

तिवारी, भोलानाथ (२००९ई.), **भाषा विज्ञान**, इलाहावाद : किताब महल ।

देवकोटा, लक्ष्मीप्रसाद, (२०६७), **शाकुन्तल**, ललितपुरः साझा प्रकाशन ।

नेपाल, देवी (२०६२), **छन्द-पराग**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

न्यौपाने, अमर (२०६८), **सेतो धरती**, काठमाडौँ : फाइनप्रिन्ट आइएनसी ।

न्यौपाने, टंकप्रसाद र अन्य (२०६७), **भाषा विज्ञानका प्रमुख सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पारिजात, (२०५२), **शिरीषको फूल**, ललितपुर : साझाप्रकाशन ।

पोखरेल, नारायणप्रसाद (२०६७), **अमर गाथा**, काठमाडौँ : भिजन पब्लिकेशन ।

पोखरेल, माधवप्रसाद (२०५६), **नेपाली वाक्य व्याकरण**, काठमाडौँ : एकता बुक्स ।

पौड्याल, लेखनाथ (२०६६), **तरुण तपसी**, ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०६६), **भाषाविज्ञानका सम्प्रदाय**, काठमाडौँ : एकता बुक्स ।

बराल, कृष्णहरि र अन्य (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुरः साझा प्रकाशन ।

यादव, योगेन्द्रप्रसाद र अन्य (२०५९), **भाषाविज्ञान,** काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

राणा, जगदीश शमशेर (२०६६), **नरसिंह अवतार**, ललितपुर : साझा प्रकाशन ।

शमशेर, पुष्कर (२०५०), **नेपाली उखान-टुक्काको कोश**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, देवेन्द्रनाथ र अन्य (२०१०ई.) **भाषाविज्ञान की भूमिका**, नई दिल्ली : राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।

शर्मा, शारदा (२०६९), **ताप**, काठमाडौँ : साङ्ग्रिला बुक्स ।

श्रेष्ठ, सिद्धिचरण, (२०६३), **उर्वशी**, ललितपुर : साझा प्रकाशन ।

सम, बालकृष्ण (२०५९), **चिसो चूह्लो**, ललितपुर : साझा प्रकाशन ।

सिग्द्याल, पण्डितराज सोमनाथ शर्मा (२०६०), **आदर्श राघव**, ललितपुर : साझा प्रकाशन ।

www.answers.com ЧHomeЧlibraryЧMisscellaneousЧOxford Articles

www.daily writingtips.com/verbless-s…

www.Oxfordreference.com/viewbydoi/1…

www.Cybergrammar. Co.UK/sentences-ty…

www.Englishforums.com/.../post.htm

www.Metalog.org/...Syntax-a.htm

www.dictionary.reference.com/.../noverb

www.scottraymond. net/2001/9/1/more…

## परिशिष्ट : क्रियेतर वाक्यमा संरचित विज्ञापनीय भाषाका नमुना




(वर्ष २१ अङ्क २०, २६ फागुन २०६९ शनिबार, कान्तिपुर, कोसेली,'क')



(वर्ष २० अङ्क ३५८, ५ फागुन २०६९ शनिबार, कान्तिपुर)




(वर्ष २१ अङ्क १५, २१ फागुन २०६९ सोमबार, कान्तिपुर)





(वर्ष २१ अङ्क १५, २१ फागुन २०६९ सोमवार, कान्तिपुर)




(वर्ष २० अङ्क ३२५, १ माघ २०६९ सोमबार, कान्तिपुर)




(वर्ष ४ अङ्क २५६, २८ पुस २०६९ शनिबार, नागरिक दैनिक)




(वर्ष २१ अङ्क २०, २६ फागुन २०६९ शनिबार, कान्तिपुर)




(वर्ष २१ अङ्क १२, १८ फागुन २०६९ शुक्रबार, कान्तिपुर)




(वर्ष २० अङ्क ३५५, २ फागुन २०६९ बुधबार, कान्तिपुर)




(वर्ष २१ अङ्क ९, १५ फागुन २०६९ मङ्गलबार, कान्तिपुर)